# राष्ट्रिय महिला आयोगमा पदाधिकारीहरुको पदबहाली पश्चात् सय दिनको अवधिमा सम्पादित मुख्य मुख्य कार्यहरु

(मिति २०७७ माघ २१ - २०७८ जेठ)










**१०० दिन**

# राष्ट्रिय महिला आयोग

# प्रकाशकीय

महिलाको हक-हितको संरक्षण,संवर्द्धन तथा प्रवर्द्धन गर्दै महिलालाई राजनैतिक, सामाजिक तथा आर्थिक रूपमा सशक्तीकरण गरी लैङ्गिक न्याय सुनिश्चित गर्ने पुनीत उद्देश्यले स्थापित राष्ट्रिय महिला आयोगले विगत उन्नाइस वर्षमा महिला अधिकारका क्षेत्रमा महत्वपूर्ण कामहरू सम्पादन गर्दै आएको छ। वि.सं. २०७२ सालमा जारी नेपालको संविधानले आयोगलाई संवैधानिक हैसियत प्रदान गरेसँगै आयोगको जिम्मेवारी र भूमिका विस्तारित हुन पुगेको छ। महिलाको हक-हित र अधिकारसँग सरोकार राख्ने कानूनी, नीतिगत सुधारका कामहरूका साथै लैङ्गिक समानता र महिला हक-अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता अन्तर्गतको राष्ट्रिय दायित्व कार्यान्वयन भए नभएको विषयमा अनुगमन गरी प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सुझाव दिनसक्ने लगायतका जिम्मेवारी संविधानले आयोगलाई प्रदान गरेको छ। प्रचलित कानूनमा व्यवस्था भएबमोजिमका महिला हक-अधिकारसम्बन्धी संवैधानिक तथा कानूनी प्रावधानहरूलाई व्यवहारमा लागू गर्न गराउन तथा न्यायिक मूल्य मान्यताका आधारमा महिलालाई छिटो, छरितो र प्रभावकारी रूपमा न्यायमा सहज पहुँच दिलाउन हमेसा क्रियाशील रहँदै आएको आयोगले अहिले मुलुकमा महिला मानव अधिकारको संरक्षण र प्रवर्धनको लागि अहम भूमिका निर्वाह गरिरहेको छ।

संवैधानिक हैसियत प्राप्त गरेको करिब पाँच वर्षपछि २०७७ साल माघ २१ गते राष्ट्रिय महिला आयोगमा पहिलो पटक पदाधिकारीहरू नियुक्त भयो। पदाधिकारीहरूको नियुक्ति र पदबहालीसँगै आयोगले गति लिएको छ। महिला हक-अधिकारको क्षेत्रमा लामो अनुभव र विज्ञता हासिल गर्नुभएका पदाधिकारीहरूको आगमनसँगै आयोगले आगामी दिनमा महिलाको हक-हित, अधिकार र लैङ्गिक सरोकारको क्षेत्रमा थप प्रभावकारी र परिणाममुखी भूमिका निर्वाह गर्ने अपेक्षा लिइएको छ।

आयोगमा नयाँ पदाधिकारीहरूको नियुक्ति र पदबहालीपश्चात्का पहिलो सय दिनको अवधिमा सम्पादन भएका मुख्य-मुख्य कार्यक्रमहरूलाई समेटेर यो प्रगति प्रतिवेदन प्रकाशन गरिएको छ। यस प्रतिवेनले आयोगबाट विगत चार महिनाको अवधिमा सम्पादन भएका प्रमुख कार्यहरूको बारेमा सर्वसाधारणलाई सूचना प्रवाह गर्नुका साथै आयोगको आगामी कार्यदिशाको बारेमा पनि संक्षेपमा जानकारी प्रदान गर्ने विश्वास लिइएको छ। यस प्रकाशनको सन्दर्भमा आवश्यक सूचना सङ्कलन, विश्लेषण र सम्पादन गरी प्रस्तुत प्रकाशनलाई यस रूपमा प्रस्तुत गर्न महत्वपूर्ण सहयोग पुऱ्याउनु हुने आयोगका सम्बन्धित सबै कर्मचारी तथा प्राविधिक सल्लाहकारप्रति आयोग हार्दिक आभार व्यक्त गर्दछ।

२०७८ ज्येष्ठ

राष्ट्रिय महिला आयोग

# राष्ट्रिय महिला आयोगका पदाधिकारीहरू



मानिनीय अध्यक्ष
कमला कुमारी पराजुली



माननीय सदस्य
कृष्ण कुमारी पौडेल खतिवडा



माननीय सदस्य
विद्या कुमारी सिन्हा

# विषय सूची

परिच्छेद १ परिचय........................................................................................१

परिच्छेद २ कानूनी तथा नीतिगत सुधारका लागि भएका कार्यहरु .................................. ४

परिच्छेद ३ अध्ययन अनुसन्धान तथा प्रकाशनहरु ..........................................................११

परिच्छेद ४ स्थलगत अनुगमन तथा निरीक्षण ...............................................................१२

परिच्छेद ५ आयोगबाट सम्पादन भएका कार्यक्रमहरु ..................................................२७

परिच्छेद ६ उजुरी, निवेदन तथा जाँचबुझ.......................................................................५४

परिच्छेद ७ परिच्छेद ७ आयोगको भावी कार्यदिशा.........................................................५९

अनुसूची १ आयोगबाट जारी भएका प्रेस विज्ञप्ति ..........................................................६१

अनुसूची २ कार्यक्रमका केही झलकहरु .......................................................................६२

अनुसूची ३ सञ्चार माध्यममा आयोग.............................................................................६५

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि

राष्ट्रिय महिला आयोगको गठन वि.सं. २०५८ साल फागुन २३ गते (७ मार्च २००२) नेपाल सरकार मन्त्रिपरिषदको निर्णयबाट भएको थियो । राष्ट्रिय महिला आयोग ऐन, २०६३ र नियमावली २०६५ जारी भई कार्यान्वयनमा आएपछि यस आयोगलाई कानुनी मान्यता प्राप्त भएको हो । नेपालको संविधान जारी भए पश्चात् यस आयोगले संवैधानिक मान्यता प्राप्त गऱ्यो । हाल राष्ट्रिय महिला आयोग ऐन, २०७४ जारी भई कार्यान्वयनमा रहेको छ ।

नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गर्दै समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्ने लक्ष्य लिएको छ । संविधानको धारा ३८ मा महिलाको हकलाई मौलिक हकको रूपमा स्थापित गर्दैसंविधानमा व्यवस्था भएका महिला तथा बालबालिका सम्बन्धित हक अधिकार कार्यान्वयन गर्न, गराउनका लागि आयोगले सहजकर्ता र सचेतकको भूमिका निर्वाह गर्दै आइरहेको छ ।

आयोगले विगतदेखि महिलामाथि भइरहेको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनैतिक विभेदविरुद्ध तथा महिला सशक्तीकरणका लागि निरन्तर कार्य गर्दै आइरहेको छ । आयोगले महिला मानव अधिकार हननका घटनाहरूको अनुगमन, निरीक्षण तथा छानविन गर्नुका साथै सीमान्तकृत र अधिकारबाट वञ्चित महिलाहरूलाई कानूनी परामर्श दिने जस्ता कार्यहरूलाई पनि निरन्तरता दिदैं आएको छ ।

नेपालको संविधानको धारा २५४ मा राष्ट्रिय महिला आयोगले आवश्यकता अनुसार प्रदेशमा समेत कार्यालयहरू खोल्न सक्ने व्यवस्था रहेको छ । सो बमोजिम आयोगले प्रदेश स्तरमा कार्यक्षेत्र विस्तार गर्न सकेमा दूरदराजका महिलाहरूले आयोगबाट सहज रूपले सेवा प्राप्त गर्ने देखिन्छ ।

महिलाको हक, हितको संरक्षण र सँवर्द्धन गरी राष्ट्रिय विकासको मूल प्रवाहमा महिलालाई प्रभावकारी रूपमा समाहित गर्न तथा महिलाको समग्र विकास गरी लैंङ्गिक न्याय कायम गर्ने उद्देश्य अनुरूप स्थापित आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था नेपालको संविधान तथा राष्ट्रिय महिला आयोग ऐन, २०७४ ले गरेको छ । संविधान र ऐनमा उल्लिखित दायित्व निर्वाहका लागि आयोगले विभिन्न रणनीति तथा सोको आधारमा वार्षिक कार्यक्रम तर्जुमा गरी आफ्नो कार्य सम्पादन गर्दै आएको छ ।

## १.२ राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकार

राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकार नेपालको संविधानमा व्यवस्था गरिएको छ । संविधानमा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त आयोगको ऐनमा पनि आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गरिएको छ ।

उक्त व्यवस्थाहरु देहाय बमोजिम रहेको छ :

### १.२.१ नेपालको संविधानको धारा २५३ को व्यवस्था:

(१) राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) महिलाको हक हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने;

(ख) महिलाको हक हितसँग सम्बन्धित कानून वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालना वा कार्यान्वयनको उपाय सहित नेपाल सरकार समक्ष सुझाव दिने;

(ग) महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सबै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने;

(घ) लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धितनिकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने;

(ङ) महिला अधिकारसँग सम्बन्धी नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने;

(च) महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानून वमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धितनिकाय समक्ष सिफारिस गर्ने;

(२)आयोगले निर्णय गरी आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कुनै कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ;

(३)आयोगको अन्य काम, कर्तव्य, अधिकार तथा तत्सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

### १.२.२ राष्ट्रिय महिला आयोग ऐन, २०७४ को व्यवस्था (दफा ३):

संविधानको धारा २५३ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त आयोगको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) महिला सशक्तीकरणका लागि महिलासँग सम्बन्धित नीतिगत, कानूनी व्यवस्था तथा नेपाल सरकारका कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने र त्यस्ता नीति तथा कार्यक्रमको लैङ्गिक न्यायको दृष्टिकोणबाट प्रभावकारी भए नभएको विश्लेषण गरी सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने;

(ख) संविधान तथा कानून प्रदत्त महिलाका अधिकार सम्बन्धी व्यवस्थाको कार्यान्वयनको बारेमा अध्ययन तथा अनुसन्धान गरी त्यस्ता व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि नेपाल सरकारलाई सुझाव दिने;

(ग) महिला विरुद्धको हिंसा वा विभेदको कारणबाट उत्पन्न कुनै समस्या वा विशेष अवस्थाको बारेमा अध्ययन अनुसन्धान गरी त्यस्तो अवस्था उत्पन्न हुन नदिनको लागि अवलम्बन गर्नुपर्ने रणनीतिहरूको बारेमा नेपाल सरकारलाई सुझाव दिने;

(घ) महिलालाई आत्मनिर्भर बनाउन तथा सशक्तीकरणको लागि पूँजी, स्रोत साधन र प्रविधिमा महिलाको पहुँच बढाउन आवश्यक उपायहरू बारे सम्बन्धित निकायलाई सिफारिस गर्ने;

(ङ) महिलाको हक हितको संरक्षण र संवर्द्धन तथा महिलाको सशक्तीकरणका लागि आवश्यक सूचना, जानकारी एवं चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने;

(च) महिला विरुद्धका सबै प्रकारका हिंसा र विभेद अन्त्य गर्न त्यस्तो हिंसा र विभेद सृजना गर्ने कुरीति र अन्धविश्वास हटाउन आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने;

(छ) महिला विरुद्धको हिंसा वा विभेदको कारण सामाजिक रूपमा बहिष्करण वा जोखिम वा विस्थापित वा पीडित महिलालाई सुरक्षा केन्द्र वा पुनःस्थापना केन्द्रमा पठाउने व्यवस्थाको लागि सिफारिस गर्ने;

(ज) आयोगले गरेका सिफारिसको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने वा गराउने;

(झ) सदस्य तथा आयोगका कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने;

(ञ) आयोगको वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

### १.२.३ पदाधिकारीहरुको नियुक्ति

सम्माननीय राष्ट्रपतिबाट मिति २०७७ साल माघ २१ गते राष्ट्रिय महिला आयोगको अध्यक्ष तथा सदस्यको पदमा देहायबमोजिमका पदाधिकारीहरू नियुक्त हुनु भै उहाँहरूले कार्यभार सम्हाल्नु भएको छ :-

१. माननीय कमला कुमारी पराजुली - अध्यक्ष

२. माननीय कृष्ण कुमारी पौडेल खतिवडा - सदस्य

३. माननीय विद्या कुमारी सिन्हा - सदस्य

# परिच्छेद २
## कानूनी तथा नीतिगत सुधारका लागि भएका कार्यहरु

राष्ट्रिय महिला आयोगमा पदाधिकारीको बहाली पश्चात् आयोगको कामलाई थप प्रभावकारी बनाउनका लागि निम्न दस्तावेजहरुलाई तयार तथा परिमार्जन गर्ने कार्य गरियो :

### २.१ खबर गरौ ११४५ हेल्पलाइन सेवालाई नेपाल सरकारको बजेटबाट सञ्चालन गर्न अस्थायी दरबन्दी सृजना

लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकाहरूको उद्धार र राहतको लागि हाल विश्व बैंकको सहयोगमा सञ्चालित "खबर गरौं ११४५ हेल्पलाइन सेवा"लाई आगाामी आर्थिक वर्षदेखि नेपाल सरकारको बजेट र जनशक्तिबाट सञ्चालन गर्नका लागि अस्थायी संगठन संरचना र दरबन्दी सिर्जना सम्बन्धी विस्तृत प्रतिवेदन तयार गरी नेपाल सरकारको स्वीकृतिका लागि पेश गरिएको छ ।

### २.२ राष्ट्रिय महिला आयोगको पाँच वर्षे रणनीतिक योजना

राष्ट्रिय महिला आयोगको उद्देश्य, लक्ष्यका साथै आयोगको आगामी पाँच वर्षको कार्यदिशा र प्राथमिकतालाई समेटेर आयोगले पाँच वर्षे रणनीतिको मस्यौदा तयार गरेको छ । उक्त रणनीतिलाई विभिन्न निकायहरुको छलफलमा परिमार्जन गरी लागू गर्ने योजना आयोगको रहेको छ । राष्ट्रिय महिला आयोगको पाँच वर्षे रणनीतिको मस्यौदा तयार भई परिमार्जनको क्रममा रहेको छ ।

### २.३ राष्ट्रिय महिला आयोग नियमावली, २०७८

राष्ट्रिय महिला आयोगको काम कार्वाहीलाई प्रभावकारी रुपमा संचालन गर्ने क्रममा राष्ट्रिय महिला आयोगले राष्ट्रिय महिला आयोग नियमावली, २०७८ को मस्यौदा आयोगबाट स्वीकृत भएको छ ।

### २.४ राष्ट्रिय महिला आयोगको बैठक सञ्चालन कार्यविधि, २०७८

राष्ट्रिय महिला आयोगले आयोगको बैठकलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि राष्ट्रिय महिला आयोगको बैठक सञ्चालन कार्यविधि,२०७८ को मस्यौदा तयार भई मिति २०७८ ज्येष्ठ २६ गतेको आयोगको बैठकबाट स्वीकृत भएको छ ।

### २.५ राष्ट्रिय महिला आयोगको आन्तरिक व्यवस्थापन निर्देशिका,२०७८

राष्ट्रिय महिला आयोगको आन्तरिक व्यवस्थापन निर्देशिका, २०७८ को मस्यौदा तयार भई मिति २०७८ ज्येष्ठ २६ गतेको आयोगको बैठकबाट स्वीकृत भएको छ ।

## २.६ आयोगका पदाधिकारीहरु तथा कर्मचारीहरुको आचरण

आयोगका पदाधिकारीहरू तथा कर्मचारीहरूले पालना गर्नुपर्ने आचरणसम्बन्धी विषय स्वीकृत गरी लागू गरिएको ।

## २.७ लैङ्गिक समानता प्रवर्द्धन तथा लैङ्गिक न्याय सुनिश्चित गर्ने सन्दर्भमा नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग तथा निकायहरुबाट आवश्यक पहलकदमी लिनुपर्ने विषयमा राष्ट्रिय महिला आयोगबाट सुझाव प्रस्तुत

राष्ट्रिय महिला आयोगको आ.व. २०७८/७९ को तर्फबाट नेपाल सरकारको आगामी वर्षको नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने विषयहरू प्रस्ताव गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको छ । यसको साथै राष्ट्रिय महिला आयोगले लैङ्गिक समानता प्रवर्द्धन तथा लैङ्गिक न्याय सुनिश्चित गर्ने सन्दर्भमा नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग तथा निकायहरुबाट पहलकदमीलिनुपर्ने विषयमा सुझाव तयार गरी कार्यान्वयनका लागि सम्बन्धित निकायहरुमा पठाइएको छ जुन निम्नानुसार रहेको छ :

| क्र.सं | सम्बन्धित मन्त्रालय/निकाय | सुझाव गरिएको विषय |
|---|---|---|
| १. | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | • हिंसा पीडित महिला तथा बालबालिकाहरूलाई सुरक्षित अल्पकालीन आश्रयस्थल **(Shelter House)** व्यवस्थापन गर्न सातवटै प्रदेशको सदरमुकाममा १- १ वटा प्रदेशस्तरीय एकीकृत सेवा (सुरक्षा, मनोसामाजिक विमर्श सेवा, कानूनी उपचार सेवा, औषधी उपचार सेवा, रोजगारमूलक सीप/प्रशिक्षण) सहितको आश्रयस्थल/पुन:स्थापना गृहहरूको स्थापना गर्ने ।<br>• हरेक मन्त्रालय /विभाग/ निकायमा अनिवार्य रूपमा लैङ्गिक शाखा/ लैङ्गिक सम्पर्क बिन्दुहरूको स्थापना गरी लैङ्गिक सरोकारका विषयहरूमा निरन्तर सक्रिय गराउने ।<br>• सबै मन्त्रालय/विभाग/ निकायका सबै कर्मचारीहरूलाई वर्षमा एक पटक कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार तथा हिंसा विरुद्ध अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।<br>• लैङ्गिक सम्पर्क बिन्दु तथा अन्य सम्बद्ध व्यक्तिहरूको लागि लैङ्गिक आचार संहिता बनाई कार्यान्वयन गर्ने ।<br>• यौनिक तथा लैङ्गिक अल्पसंख्यकप्रति सामाजिक विभेद हटाउन सचेतनामूलक तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने ।<br>• महिलामाथि हुने सबै किसिमका हिंसा, विभेद, सामाजिक कुरीति विरुद्ध शून्य सहनशीलताको नीतिलाई राज्यको सबै तह र निकायमा प्रभावकारी तवरमा लागू गर्ने ।<br>• मुलुकका विभिन्न ठाउँमा सञ्चालित बाल सुधार गृहको व्यवस्थापनलाई बालबालिकाहरूको हक, हित र संरक्षणलाई मध्यनजर राख्दै लैङ्गिकमैत्री हुने गरी प्रभावकारी तवरमा सञ्चालन गर्ने र त्यस्ता सुधार गृहमा रहेका बालबालिकाहरूलाई शिक्षा र सीपमूलक तालिमको उचित व्यवस्था गर्ने ।<br>• लैङ्गिक लेखा परीक्षण पद्धतिलाई राज्यका सबै तहमा लागू गर्ने र विभिन्न निकायहरूको लैङ्गिक बजेटको अनुगमन र परीक्षण गरी सोको आवधिक प्रतिवेदन प्रकाशन गर्ने । |

| | | |
|---|---|---|
| २. | अर्थ मन्त्रालय | • लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई प्रदेश र स्थानीय तहसम्म संस्थागत गर्ने ।<br>• लैङ्गिक सशक्तीकरण सूचकाङ्क समेतलाई आधार लिई प्रदेश तथा स्थानीय तहलाई वित्तीय हस्तान्तरण गर्ने व्यवस्था अवलम्बन गर्ने ।<br>• हिंसा पीडित तथा अन्य सीमान्तीकृत महिलाहरूलाई आत्मनिर्भर बन्न सघाउने आयमूलक व्यवसाय सञ्चालन गर्न सहुलियतपूर्ण ऋण तथा वित्तीय पहुँचको व्यवस्था मिलाउने । |
| ३. | गृह मन्त्रालय | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरूमा महिला प्रहरी प्रमुखको व्यवस्था गर्ने ।<br>• प्रहरीहरूलाई लैङ्गिक संवेदनशीलता सम्बन्धी अभिमुखीकरण तथा तालिम प्रदान गर्ने ।<br>• महिला हिंसा सम्बन्धी घटनाहरुलाई संवेदनशीलताका साथ द्रुतरूपमा अघि बढाउन नेपाल प्रहरीलाई निर्देशन दिने ।<br>• महिला हिंसाको कारण तथा प्राकृतिक एवं अन्य विपद् (जस्तै बाढी, पहिरो, आगलागी, कोभिड-१९ को संक्रमण आदि) को समयमा जोखिममा परेका महिलाहरू र विशेषत: बालबालिका, ज्येष्ठ नागरिक महिला तथा अपाङ्गता भएका महिलालाई प्राथमिकता दिई तत्काल उद्धार र सहयोग गर्ने ।<br>• सबै जिल्लामा महिला कैदीहरूको लागि महिलामैत्री हुने गरी बेग्लै महिला बन्दीगृह/सुधार गृह व्यवस्था गर्ने ।<br>• सन्तानलाई आमाको नामबाट नागरिकता प्राप्त हुने व्यवस्था मिलाउने ।<br>• राज्यले प्रदान गर्ने नागरिकता प्रमाणपत्र, राष्ट्रिय परिचय पत्र लगायतका महत्वपूर्ण वैयक्तिक कागजातहरूमा आमाको नाम समेत अनिवार्य रूपमा उल्लेख गर्ने व्यवस्था मिलाउने । |
| ४. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | • मौजुदा ऐन, कानूनमा रहेका महिलाको हक, अधिकारसम्बन्धी व्यवस्था तथा महिलाका लागि गरिएका विशेष कानूनी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन गरी लैङ्गिक न्याय सुनिश्चित गर्ने ।<br>• अदालतमा मुद्दा दायर भएका हिंसा पीडित महिलाको न्यायमा पहुँच बढाउनका लागि सबै न्यायालयहरूमा महिला-मैत्री द्रुत न्याय प्रणालीको व्यवस्था मिलाउन लगाउने ।<br>• लैङ्गिक समानता, लैङ्गिक सशक्तीकरण तथा महिलाको हक हितसँग सरोकार राख्ने कानून तथा नीतिको निर्माण गर्दा राष्ट्रिय महिला आयोगलाई अनिवार्य रूपमा संलग्न गराउने व्यवस्था गर्ने ।<br>• महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद रोकथाम एवं नियन्त्रणका लागि कानूनी उपचार प्रणालीलाई सहज, छिटो र पहुँचयोग्य बनाउने ।<br>• प्रत्येक स्थानीय तहको न्यायिक समितिलाई न्याय निरूपणमा सहयोग गर्न र सक्षम बनाउन एकजना कानून व्यवसायीको व्यवस्था गराउने ।<br>• प्रत्येक जिल्लामा महिला, ज्येष्ठ नागरिक, असहाय र सीमान्तकृतका लागि एकजना वैतनिक कानून व्यवसायी राख्ने व्यवस्था मिलाउने । |

| | | |
|---|---|---|
| ५. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | • एकद्वार संकट व्यवस्थापन केन्द्रहरू **(OCMC)** मा अनिवार्य रूपमा एकजना मनोविमर्शकर्ता **(Psychologist)** सहित लैङ्गिक मैत्री दक्ष जनशक्तिको व्यवस्था गर्ने ।<br>• सबै स्थानीय तहमा मनोसामाजिक-मनोविमर्शकर्ताको व्यवस्था गर्ने ।<br>• महिलाको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकारलाई थप सुनिश्चित गर्न यस सम्बन्धी सेवालाई नेपाल राज्यभर निःशुल्क र सहज बनाउने । |
| ६. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | • बालिका, किशोरी, महिलामाथि हुने हिंसा निवारणका लागि आधारभूततहदेखि उच्च शिक्षासम्मको पाठ्यक्रमलाई लैङ्गिकमैत्री बनाउँदै परिष्कृत र परिमार्जन गर्ने ।<br>• सबै शिक्षण संस्थानहरूका बालिका तथा किशोरीमाथि हुने यौनजन्य दुर्व्यवहार तथा हिंसा विरुद्ध उजुरी सुन्ने र प्रभावकारी अनुगमन गर्ने संयन्त्रको स्थापना गर्ने ।<br>• सबै विद्यालयहरूमा कम्तीमा महिनाको १ पटक विद्यार्थीहरू, शिक्षक तथा व्यवस्थापन समितिका पदाधिकारीहरूका लागि यौनजन्य दुर्व्यवहार तथा हिंसा विरुद्ध अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने ।<br>• विभिन्न शैक्षिक संस्थाहरूबाट जारी हुने प्रमाणपत्रमा आमाको नाम समेत अनिवार्य उल्लेख हुने व्यवस्था मिलाउने ।<br>• मुलुकका विभिन्न क्षेत्रमा सञ्चालित गुम्बा, मदरसा र गुरुकुललाई लैङ्गिक मैत्री बनाउने र सोको अनुगमन स्थानीय तहबाट गर्ने व्यवस्था मिलाउने । |
| ७. | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | • हिंसा पीडित तथा प्रभावित महिला एवं बालबालिकाका लागि तत्काल उद्धार, राहत, निःशुल्क कानूनी सहायता, मनोसामाजिक परामर्श र सीपमूलक कार्यक्रम सञ्चालन गर्नको लागि प्रत्येक स्थानीय तहमा "हिंसा पीडित महिला उद्धार तथा सहायता कोष" स्थापना गरी सञ्चालनमा ल्याउन आवश्यक समन्वय गर्ने ।<br>• हिंसा पीडित महिला तथा बालिकाहरूलाई न्यायमा सहज पहुँच पुऱ्याउन स्थानीय तहका सबै न्यायिक समितिमा निःशुल्क कानून व्यवसायीको व्यवस्था गर्ने ।<br>• सबै पालिकाका न्यायिक समितिको क्षमता अभिवृद्धि र सशक्तीकरण गरी लैङ्गिक मैत्री बनाउने । |
| ८. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | • सञ्चार माध्यमबाट प्रकाशन र प्रसारण हुने सामग्रीहरु लैङ्गिकमैत्री बनाउन सम्बन्धित संस्था/निकायलाई निर्देशन दिने ।<br>• महिलाको छवि (image) बिगार्ने, विज्ञापनहरूमा महिलालाई नकारात्मक रूपमा प्रस्तुत गर्ने सामग्रीहरुको प्रकाशन र प्रसारणमा सेन्सर गर्ने र रोक लगाउने ।<br>• विभिन्न प्रकृतिको लैङ्गिक हिंसामा परेका हिंसा पीडित महिला तथा बालिकाहरूको अडियो भिडियो बनाई सामाजिक सञ्चालमार्फत दुष्प्रचार गर्ने व्यक्ति/संस्थालाई नियन्त्रणमा लिई कानून कारवाही गर्ने ।<br>• सामाजिक सञ्जाल मार्फत लैङ्गिक हिंसा र दुर्व्यवहार प्रदर्शन गर्ने व्यक्ति/संस्थालाई नियन्त्रणमा लिई कानूनी कारवाही गर्ने । |

| | | |
|---|---|---|
| ९. | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | • वैदेशिक रोजगारीमा जाने महिलाहरूलाई हुनसक्ने महिला हिंसाको सम्भावित घटनाबाट सुरक्षित रहन उपयोगी उपाय तथा विषयमा नियमित तवरमा केन्द्र तथा प्रदेशस्तरमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।<br>• विदेशमा रोजगारीको क्रममा हिंसामा परेका नेपाली महिलाहरूको अवस्थाको अध्ययन, निरीक्षण, अनुगमन एवं भए गरेका घटनाहरूको सत्यतथ्यको छानबीन लगायतका कार्यमा राष्ट्रिय महिला आयोगको प्रतिनिधिलाई समेत समावेश गर्ने व्यवस्था गर्ने ।<br>• वैदेशिक रोजगारीमा जाने पुरुष तथा महिला दुवैलाई सुरक्षाको जोखिमको दृष्टिले अवलम्बन गर्नुपर्ने कुराहरू अनिवार्य पालना गर्ने व्यवस्था मिलाई महिला र पुरुष दुवैलाई समान मापदण्डको आधारमा विना कुनै भेदभाव श्रम गन्तव्य मुलुकमा जानसक्ने व्यवस्था गर्ने ।<br>• स्थलमार्गबाट तेस्रो मुलुकमा वैदेशिक रोजगारीमा जाने महिलालाई सम्भावित जोखिमबाट रोक्ने उपाय अवलम्बन गर्ने । |
| १०. | युवा तथा खेलकूद मन्त्रालय | • महिला र पुरुष खेलाडीहरूबीच समान खेल र समान प्रतिस्पर्धाका लागि विद्यमान असमान पारिश्रमिक दर अन्त्य गरी समान पारिश्रमिक दर कायम गर्ने ।<br>• खेलकूद क्षेत्रमा हुनसक्ने लैङ्गिक हिंसाका घटनालाई रोकथाम र नियन्त्रण गर्न आचार संहिता तयार गरी लागू गर्ने ।<br>• खेलकुद क्षेत्रमा लैङ्गिक-मैत्री व्यवस्था र वातावरण निर्माण गर्ने । |
| ११. | तथ्याङ्क विभाग | • नेपालमा हुने सबै किसिमका सर्वेक्षण तथा तथ्याङ्क सङ्कलन गर्दा लैङ्गिक खण्डीकृत विषय अनिवार्य समावेश गरी तथ्याङ्क सङ्कलन, प्रशोधन र प्रकाशन गर्ने ।<br>• महिलाको घरेलुश्रम तथा पारिवारिक हेरचाहसम्बन्धी क्रियाकलापको आर्थिक मूल्य कायम गरी राष्ट्रिय आयमा महिलाको योगदानको गणना गर्ने । |
| १२. | नेपाल राष्ट्र बैक | • सबै बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरूलाई कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार तथा हिंसा विरुद्ध अभिमुखीकरण कार्यक्रम नियमित तवरमा सञ्चालन गर्ने ।<br>• बैंक तथा वित्तीय संस्थामा हुनसक्ने दुर्व्यवहार तथा हिंसा विरुद्ध प्रभावकारी उजुरी र अनुगमन संयन्त्रको स्थापना गर्ने ।<br>• लैङ्गिक हिंसा नियन्त्रणसम्बन्धी आचारसंहिता निर्माण गरी हरेक बैंक तथा वित्तीय संस्थामा परिपत्र गर्ने ।<br>• प्रचलित कानूनमा व्यवस्था भएबमोजिम बैङ्क तथा वित्तीय संस्थाहरूमा कार्यरत महिलाहरूका लागि प्रजनन स्वास्थ्यसम्बन्धी अधिकारको निर्बाध उपभोग गर्न सक्ने व्यवस्था सुनिश्चित गर्दै प्रचलित श्रम ऐन अनुसार कार्य गर्न-गराउन परिपत्र गर्ने ।<br>• कार्यस्थलमा लैङ्गिक मैत्री वातावरण सम्बन्धी व्यवस्थाहरू अवलम्बन गर्ने, गर्न लगाउने ।<br>• सबै बैङ्क तथा वित्तीय संस्थाहरूमा लैङ्गिक शाखा/लैङ्गिक सम्पर्क बिन्दुहरूको स्थापना गर्न लगाउने । |
| १३. | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | • प्रतिष्ठानबाट सञ्चालन हुने सेवा प्रवेश, सेवाकालीन तथा अन्य तालिम प्रशिक्षणमा लैङ्गिक समानता र महिला सशक्तीकरणका विषयहरूलाई समावेश गर्ने । साथै, त्यस्ता तालिम, प्रशिक्षण कार्यक्रममा लैङ्गिक विभेद र हिंसा नियन्त्रण सम्बन्धी विषयलाई पनि समेट्ने । |

**राष्ट्रिय महिला आयोगको तर्फबाट नेपाल सरकारको आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रममा समावेश गर्न प्रस्तावित बुँदाहरू**

| क्र.सं | विषय | अपेक्षित उपलब्धि |
|---|---|---|
| १. | लैङ्गिक हिंसा रोकथाम तथा नियन्त्रणका लागि हाल दातृ निकायको सहयोगमा सञ्चालित "खबर गरौं ११४५ हेल्पलाइन सेवा" को उपयोगिता, प्रभावकारिता र लोकप्रियतालाई दृष्टिगत गरी आगामी आर्थिक वर्षदेखि नेपाल सरकारकै बजेट र जनशक्ति परिचालन गरी राष्ट्रिय महिला आयोगबाट सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। यस हेल्पलाइनमार्फत हिंसा पीडित महिला तथा बालबालिकालाई तत्काल उद्धार गरी उनीहरूलाई सम्बन्धित सेवा प्रदायक संघ/संस्थाबाट आवश्यकतानुसार राहत, औषधोपचार मनोसामाजिक परामर्श, कानूनी सेवा र सुरक्षित आश्रयस्थलको सेवा उपलब्ध गराइने व्यवस्था सुनिश्चित गरिनेछ। | ● लैङ्गिक हिंसामा परेका महिला, बालबालिकाको तत्काल उद्धार भई उनीहरूलाई आवश्यकतानुसारको सहयोग उपलब्ध हुने।<br>● लैङ्गिक हिंसा गर्ने व्यक्ति वा समूहलाई कानूनी कारवाहीको दायरामा ल्याई पीडित तथा जोखिममा परेका महिला तथा बालबालिकालाई न्याय सहित उचित क्षतिपूर्ति उपलब्ध गराउन र आत्मनिर्भर बनाउन सहयोग पुग्ने।<br>● समाजमा लुकीछिपी अवस्थामा रहेका लैङ्गिक हिंसाका घटनाहरूलाई उजागर गर्न र कानूनी दायरामा ल्याउन सहयोग पुग्ने।<br>● लैङ्गिक हिंसाका घटना निराकरण गर्न सहयोग पुग्ने। |
| २. | राष्ट्रिय महिला आयोग अन्तर्गत प्रदेश कार्यालयको स्थापना गरी आयोगको भूमिकालाई थप प्रभावकारी बनाउँदै महिला समानता र महिला सशक्तीकरणलाई थप सुनिश्चित गर्ने र लैङ्गिक हिंसाका घटनाको प्रभावकारी सम्बोधन गरी पीडितलाई तत्काल उद्धार, राहत तथा अन्य सहायता उपलब्ध गराइनेछ। | ● महिला समानता र महिला सशक्तीकरण सम्बन्धी कार्यक्रमलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने।<br>● महिला विरुद्ध हुने जघन्य हिंसाका घटनाको तत्काल अनुगमन भई लैङ्गिक हिंसामा परेका पीडितले तत्काल उद्धार, राहत तथा अन्य सहायता उपलब्ध गर्नसक्ने। |
| ३. | सबै महिलालाई संविधान तथा कानून प्रदत्त महिलाको हक अधिकार सम्बन्धी प्रावधानहरूको निर्बाध उपयोग गर्नसक्ने व्यवस्था गरी लैङ्गिक समानता तथा लैङ्गिक न्याय सुनिश्चित गर्न स्थानीय तहसम्म विभिन्न चेतनामूलक कार्यक्रमहरूलाई अभियानकै रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। | ● संविधान तथा कानून प्रदत्त महिलाको हक अधिकारसम्बन्धी व्यवस्थाबारे स्थानीय तहसम्म सूचना प्रवाह भई लैङ्गिक समानता तथा लैङ्गिक न्याय सुनिश्चित हुने। |
| ४. | नेपाल सरकारले लागू गरेको लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलताको नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। | ● लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलताको नीतिको प्रभावकारी कार्यान्वयन भएको हुने। |
| ५. | समग्र महिलाहरूको सशक्तीकरण गरी लैङ्गिक हिंसाको अन्त्य तथा महिलाको न्यायमा पहुँच बढाउन प्रदेश, जिल्ला तथा स्थानीय तहसम्म राष्ट्रिय महिला आयोगको समन्वयमा लैङ्गिक हिंसा विरुद्धको सञ्जाल स्थापना गरिनेछ। | ● महिला सशक्तीकरण गर्न तथा महिलाको न्यायमा पहुँच बढाउन सघाउ पुग्ने। |

## २.८ कोभिड-१९ को दोस्रो चरणको संक्रमण नियन्त्रणका सन्दर्भमा लागू गरिएको निषेधाज्ञाको अवधिमा महिला तथा बालबालिकालाई प्राथमिकता दिई राहत तथा उद्धार कार्य सञ्चालन गर्न अनुरोध

कोभिड-१९ को दोस्रो चरणको संक्रमणको कारण जारी निषेधाज्ञा तथा अन्य समयमा समेत महिला, बालिका, वृद्ध, अपाङ्गता भएका व्यक्तिहरु तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुलाई राहत, उद्धार तथा अन्य प्रक्रियामा प्राथमिकता दिनका लागि विभिन्न निकायलाई पत्राचार गरिएको । यसको साथै स्थानीय तहमा सञ्चालित क्वारेन्टिन तथा आइसोलेसन सेन्टरलाई महिला मैत्री हुने गरी व्यवस्थापन गर्नका लागि गृह मन्त्रालय तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सम्बन्धित निकायमा पत्राचार गरिएको ।

## २.९ लैङ्गिक हिंसा रोकथाम तथा नियन्त्रण सम्बन्धी उच्चस्तरीय अनुगमन तथा समन्वय समिति गठन

कोभिड १९ को दोस्रो चरणको संक्रमण नियन्त्रणका सन्दर्भमा जारी निषेधाज्ञाको अवधिमा लैङ्गिक हिंसाको घटनाको सघन अनुगमन गर्न, लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकाको तत्काल उद्धार, राहत, औषधोपचार लगायतका विषयमा विभिन्न निकायसँग आवश्यक समन्वय गर्न आयोगका माननीय अध्यक्षको संयोजकत्वमा विभिन्न निकायका प्रतिनिधिहरू सम्मिलित उच्चस्तरीय लैङ्गिक हिंसा रोकथाम तथा नियन्त्रण सम्बन्धी उच्चस्तरीय अनुगमन तथा समन्वय समिति गठन गरिएको । समितिमा विभिन्न मन्त्रालय र निकायबाट गरी कुल एक्काईस जना प्रतिनिधिहरु रहनु भएको थियो ।

# परिच्छेद ३
# अध्ययन अनुसन्धान तथा प्रकाशनहरु

## ३.१ अध्ययन तथा अनुसन्धान

राष्ट्रिय महिला आयोगले देहायको विषयमा विज्ञ संस्था/व्यक्तिबाट अध्ययन अनुसन्धान कार्य अघि बढाएको छः

१. रोजगारीका अवसरमा महिलाहरूको पहुँच र महिलामैत्री कार्य वातावरणबारे अध्ययन ।

२. मुलुकी देवानी संहिता २०७४ तथा मुलुकी अपराध संहिता २०७४ कार्यान्वयन पश्चात् महिला अधिकारको प्रचलनमा आएको परिवर्तनसम्बन्धी अध्ययन ।

३. संघीय मन्त्रालयबाट महिला सशक्तीकरण एवं लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धमा भए गरेका कार्यक्रमहरूको विश्लेषणात्मक अध्ययन ।

## ३.२ प्रकाशनसम्बन्धी कार्यहरू

१. संयुक्त राष्ट्रसङ्घीय महिला विरुद्ध भेदभाव उन्मूलन गर्ने समिति समक्ष नेपालले बुझाएको छैटौं आवधिक प्रतिवेदनमाथि समितिले दिएको निष्कर्ष टिप्पणीको कार्यान्वयन अवस्थाका बारेमा अध्ययन प्रतिवेदन तयार भई प्रकाशनको क्रममा रहेको ।

२. महिलासँग सरोकार राख्ने कानूनहरूको जानकारीमूलक पुस्तिका प्रकाशन गरिएको ।

३. राष्ट्रिय महिला आयोगको ऐनको सँगालो (नेपाली र अंग्रेजी) प्रकाशन गरिएको ।

४. आयोगले सम्पादन गरेका गतिविधिहरूलाई समेटी वि.सं. २०७८ सालको वार्षिक क्यालेण्डर प्रकाशन गरिएको ।

५. महिला हक,अधिकार प्रवर्द्धन र घरेलु तथा लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धमा जानकारीमुलक ब्रोस्योर, पमप्लेट, लिफलेट आदिको प्रकाशन गरिएको ।

# परिच्छेद ४
## स्थलगत अनुगमन तथा निरीक्षण

राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष तथा माननीय सदस्यहरुको नेतृत्वको टोलीले विभिन्न स्थानमा गई स्थलगत अनुगमन तथा निरीक्षण गर्दै महिला तथा बालिकामाथि भएको हिंसालाई तत्काल सम्बोधन गर्नका लागि विभिन्न निकायहरुलाई सुझाव प्रदान गर्नुभएको थियो । यसको साथै पत्र पत्रिका मार्फत सार्वजनिक भएका तथा विभिन्न निकायमा परेका गम्भीर प्रकृतिका उजुरी र मुद्दाहरुमा समेत आयोगबाट अनुगमन गरिएको थियो ।

### ४.१ बैतडी जिल्ला दोगडाकेदार गाँउपालिका ७ स्थित श्री सनातन धर्म मा.वि खोचलेकमा कक्षा १२ अध्ययनरत १७ वर्षीय किशोरी भागिरथी भट्टको बलात्कारपछिको हत्याको घटनाको स्थलगत अनुगमन



माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडाको नेतृत्वमा कानून अधिकृत उर्मिला रोक्का सहितको अनुगमन टोली मिति २०७७ माघ २६ गते घटनास्थल पुगेर घटनाको स्थलगत अनुगमन गरेर जिल्लाका विभिन्न सरोकारवाला व्यक्ति तथा निकायहरुसँग छलफल गरेको थियो ।

मिति २०७७ माघ २१ गते बैतडी जिल्लाको दोगडाकेदार गाउँपालिका स्थित चडेपानी ७ कि १७ वर्षीय भागिरथी भट्टको विद्यालयबाट घर फर्कने क्रममा बलात्कारपछि हत्या गरी फालिएको घटनाको विषयमा राष्ट्रिय महिला आयोगको गम्भीर ध्यानाकर्षण भई आयोगको उक्त टोलीले बैतडी जिल्ला पुगी जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालय, जिल्ला सरकारी अस्पताल, जिल्ला दोगडा केदार गाँउपालिकाको कार्यालय, सनातन धर्म मा.वि, पीडितको परिवार, पीडित परिवारका छिमेकीहरु, प्रदेश सभा सदस्यहरुसँग प्रत्यक्ष भेटघाट गरी घटनाका बारेमा जानकारी लिएको थियो । साथै टोलीले पीडितको परिवारलाई भेटी हार्दिक समवेदना प्रकट गरी अपराधीलाई कानुनी दायरामा ल्याई सजायको भागीदार बनाउने कार्यमा राष्ट्रिय महिला आयोगले कुनै कसर नराख्ने र सरकारलाई यस कुरामा ध्यानार्कषण गराउने प्रतिबद्धता जाहेर गरेको थियो ।

अनुगमन टोलीले प्रदान गरेको सुझाव :

- प्रमुख जिल्ला अधिकारीलाई प्रशासनिक तहबाट हुनसक्ने र गर्नसक्ने कार्य निष्पक्ष रुपले गर्न अनुरोध ।

- प्रहरी प्रमुखसँग भेटघाट गरी अनुसन्धान कार्य निष्पक्ष रुपमा सम्पन्न गरि पीडितलाई न्याय दिनका लागिपीडकलाई चाँडो भन्दा चाँडो कानूनको दायरामा ल्याउन अनुरोध ।
- जिल्ला न्यायाधिवक्ता, जिल्ला अस्पतालका चिकित्सकसँग अनुसन्धान प्रक्रियामा सहयोग गर्न अनुरोध ।
- बैतडीको सवालमा प्रहरी परिचालनको कमी रहेको तसर्थ प्रहरी परिचालन र व्यवस्थापन गर्न जरुरी रहेको कुरामा जोड ।

### ४.१.१ पत्रकार सम्मेलन



२०७७ माघ ३० गते आयोगको सभाहलमा यस विषयमा पत्रकार सम्मेलन गरिएको थियो । उक्त कार्यक्रममा आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीले सो घटनाका अपराधी पत्ता लगाउन आयोग क्रियाशील भएर लागेको र घटना बाहिर आउनासाथ माननीय गृहमन्त्री रामबहादुर थापासँग गम्भीर छलफल भएको र घटनाबारे स्थलगत अनुगमनका लागि टोली नै परिचालन भएको बताउनुभयो । माननीय कृष्ण कुमारी पौडेल खतिवडाले स्थलगत अनुगमनको बारेमा विस्तृत रुपमा जानकारी दिनुभयो । यस घटनाबारे निष्पक्ष र प्रभावकारी अनुसन्धान गर्न आयोगले २०७७ माघ २५ गते जारी गरेको प्रेस विज्ञप्ति अनुसूची १ मा रहेको छ ।

### ४.१.२ स्थलगत प्रतिवेदन माननीय गृहमन्त्रीलाई हस्तान्तरण



राष्ट्रिय महिला आयोगको माननीय अध्यक्ष सहित पदाधिकारीहरुको टोलीले बैतडी घटनाको स्थलगत प्रतिवेदन माननीय गृह मन्त्रीलाई २०७७ फाल्गुन ५ गते हस्तान्तरण गरेको थियो । स्थलगत प्रतिवेदनले पीडकलाई चाँडो भन्दा चाँडो कारवाहीको दायरामा ल्याई हदैसम्म दण्ड सजाय गर्न र पीडितको परिवारको सुरक्षा, संरक्षण र क्षतिपूर्तिको सिफारिस गर्नु पर्ने कुरामा जोड दिएको थियो ।

## ४.२ बैतडीमा बाबुले छोरीलाई गोली हानी हत्या गरेको घटनाको बारेमा अनुगमन

२०७७ साल माघ २४ गते पुर्चौडी नगरपालिका वडा नं. १० महरागाउँका ५५ वर्षीय श्री धनबहादुर महराले आफ्नै विवाहित २० वर्षीया छोरीलाई घाँटीमा गोली हानी हत्या गरेको सूचना प्राप्त भएपछि राष्ट्रिय महिला आयोगका माननीय सदस्य कृष्ण कुमारी खतिवडाले प्रमुख जिल्ला अधिकारी श्री मोहन जोशीसँग माघ २६ गते साँझ चडेपानी बैतडी जिल्लाको सदरमुकाममा भेट गरिहत्यारा निज पीडितको बाबुलाई छिटो भन्दा छिटो पक्राउ गर्न र निजलाई कडा भन्दा कडा सजाय दिई मृतकलाई न्यायदिलाउन आग्रह गर्नुभयो । यसको साथै पीडित मृतकको बच्चाको पुर्नस्थापनाको लागि पनि उचित व्यवस्थापन गरीदिन आग्रह गर्नुभयो र उक्त बालकको सुरक्षित भविष्य निमार्णका लागि राष्ट्रिय महिला आयोगले सहयोग गर्ने भन्ने कुरामा पनि प्रतिबद्धता जाहेर गर्नुभएको थियो । सो अनुगमन पश्चात त्यसको भोलिपल्ट नै पीडकलाई प्रहरीले हिरासतमा लिएको थियो ।

## ४.३ आफ्नै झड्केलो बाबुबाट बलात्कारपछि हत्याको प्रयास गरिएको वीर अस्पतालको ट्रमा सेन्टरमा उपचाररत २३ वर्षीय युवतीसंग भेटघाट



आफ्नै झड्केलो बाबुबाट बलात्कारपछि हत्याको प्रयास गरिएको वीर अस्पतालको ट्रमा सेन्टरमा उपचाररत २३ वर्षीय युवतीको स्वास्थ्य अवस्था बुझ्न राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वको आयोगको टोली २०७७ माघ २७ गते ट्रमा सेन्टर पुगेको थियो । टोलीमा आयोगका सचिव शान्ता अधिकारी भट्टराई, मनोसामाजिक परामर्शदाता पार्वती सुवेदी संलग्न हुनुहुन्थ्यो । टोलीले पीडितको स्वास्थ्य अवस्थाको बारेमा जानकारी लिनुका साथै अन्य आवश्यक सहयोगका बारेमा पीडितका आफन्त र अस्पताल प्रशासनसँग छलफल गरेको थियो ।साथै, पीडितको परिवारलाई मनोसामाजिक परामर्श पनि उपलब्ध गराइएको थियो ।

## ४.४ माननीय अध्यक्षको नेतृत्वको टोलीले निर्मला पन्तकी आमा श्री दुर्गादेवी पन्तसँग भेट



२०७५ साउन ११ मा कञ्चनपुरको भीमदत्त नगरपालिका-१८ निम्बुखेडास्थित उखुबारीमा निर्मला पन्तको बलात्कारपछि हत्या भएको थियो । राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीसहितको आयोगको टोलीले २०७७चैत ८ गते निर्मला पन्तकी आमा दुर्गादेवी पन्तसँग भेट गरी मुद्दाको जानकारी लिनुको साथै आयोग सधैं न्यायको पक्षमा रहेको कुरा बतायो । उक्त टोलीमा उपसचिव श्यामप्रसाद श्रेष्ठ,प्राविधिक सल्लाहकार पलिता थापा, हेल्पलाइन व्यवस्थापक विजया के.सी. , कार्यक्रम अधिकृत एञ्जिला रायमाझी रहेका थिए ।

भेटको क्रममा दुर्गादेवीले मृतक छोरीलाई न्याय दिलाउनु आग्रह गर्नुभएको थियो । माननीय अध्यक्ष कमला कुमारी पराजुलीले पन्तको पछिल्लो सामाजिक र आर्थिक अवस्थाबारे जानकारी लिदैं निर्मलालाई न्याय दिलाउन आयोगको तर्फबाट प्रतिवद्धता जनाउनु भयो । साथै, उहाँले यस घटनाप्रति सम्माननीय राष्ट्रपति र माननीय प्रधानमन्त्रीसमेत गम्भीर रहनुभएको जानकारी दिनु भयो । भेटघाटका क्रममा आयोगद्वारा निर्मलाकी बहिनीलाई साईकल हस्तान्तरण गर्दै आफ्नो पढाइलाई निरन्तरता दिन पनि आग्रह गरियो । उक्त भेटघाटमा जिल्ला समन्वय समितिका उपप्रमुख सानु बुढाथापा, वेदकोट नगरपालिकाकी उप्रमुख सुशीला चन्द सिंह लगायतका अधिकारकर्मीको समेत उपस्थिति रहेको थियो ।

## ४.५ कञ्चनपुरमा रहेको साथी संस्थाको अनुगमन



राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीसहित आयोगको टोलीले २०७७चैत ९ गते कञ्चनपुरस्थित साथी संस्थाको सेल्टरको अनुगमन गर्नुका साथै त्यहाँ रहेका महिला तथा बालबालिकाका समस्या समेत सुन्ने कार्य गरेको थियो । उक्त टोलीमा उपसचिव श्यामप्रसाद श्रेष्ठ,प्राविधिक सल्लाहकार पलिता थापा, हेल्पलाइन व्यवस्थापक विजया के.सी. , कार्यक्रम अधिकृत एञ्जिला रायमाझी रहेका थिए । आयोगले साथी संस्थालाई सेल्टर सञ्चालनका लागि विश्व बैंकको सहयोगमा केही रकम समेत उपलब्ध गराँउदै आएको छ ।

## ४.६ मानव अधिकारको लागि एकल महिला संस्थाको निरीक्षण



राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीसहितको आयोगको टोलीले २०७७ चैत १० गते कैलालीस्थित मानवाधिकारको लागि महिला, एकल महिला समूह (WHR) संस्थाको भ्रमण गरी संस्थाबाट सञ्चालित विभिन्न कार्यक्रमहरुको निरीक्षण गरेको थियो ।

### ४.६.१ प्रशिक्षक प्रशिक्षण तालिम




माननीय अध्यक्ष कमला कुमारी पराजुलीले महिला समूहका प्रतिनिधिहरुलाई नेतृत्व विकास तथा क्षमता अभिवृद्धिसम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिमको समापन सत्रमा प्रमुख अतिथिको आसन ग्रहण गर्दै सहभागीहरुलाई प्रमाणपत्र हस्तान्तरण गरी आगामी दिनमा पनि यस क्षेत्रमा निरन्तर रुपमा लाग्नका लागि हौसला प्रदान गर्नु भएको थियो । मन्तव्यको क्रममा उहाँले महिलाहरुले आत्मनिर्भर हुँदै सामाजिक, आर्थिक लगायत हरेक क्षेत्रमा नेतृत्व विकास गर्नुपर्ने र महिलाहरुको सीप, क्षमता र आर्थिक उत्पादनमा सहज पहुँच हुनुपर्ने कुरामा जोड दिनु भयो ।

## ४.७ कैलालीमा हजुरबुवा नाता पर्ने व्यक्तिबाट बलात्कृत १३ वर्षीय बालिकाको परिवारसँगको भेटघाट



कैलालीको गोदावरी नगरपालिका ५ मा हजुरबुवा नाता पर्ने व्यक्तिबाट बलात्कृत भएकी १३ वर्षीय बालिकाको परिवारलाई राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला कुमारीपराजुलीको नेतृत्वको टोलीले २०७७

चैत्र १० गते भेटेको थियो । उक्त टोलीमा उपसचिव श्यामप्रसाद श्रेष्ठ,प्राविधिक सल्लाहकार पलिता थापा, हेल्पलाइन व्यवस्थापक विजया के.सी. , कार्यक्रम अधिकृत एञ्जीला रायमाझी रहेका थिए । साथै, उक्त टोलीमा जनप्रतिनिधिको  समेत सक्रिय सहभागिता रहेको थियो ।

माननीय अध्यक्ष सहितको टोलीलाई पीडित पक्षले आफूहरूलाई न्याय पाउन समस्या भइरहेको गुनासो गरेका थिए । पीडित बालिकाका परिवारले पैसाको प्रलोभनमा पारेर कमजोर बनाउने प्रयास भएको र न्यायको लागि लडिरहेको बताए । २०७७ कार्तिक ५ गते बालिकामाथि बलात्कार भएपनि माघ ९ गते मात्रै परिवारका सदस्यहरूले किशोरी बलात्कृत भएको जानकारी पाएका थिए । स्वास्थ्य परीक्षणका क्रममा गर्भ रहेको थाहा पाएपछि बालिकाले आफू बलात्कृत भएको बताएकी थिइन् ।बलात्कारको आरोपमा प्रहरीले माघ ९ गते नै गोदावरी नगरपालिका ५ का ५० वर्षीय कालु राम चौधरीलाई पक्राउ गरेको थियो तर अहिले सम्म उनीमाथि कारवाही नहुँदा पीडित पक्षले आयोगको टोलीलाई न्याय पाउन ढिलाइ भइरहेको गुनासो गरेका थिए ।अनुगमनको क्रममा बालिकाको  ४ महिनाको गर्भ थियो ।

माननीय अध्यक्षले आफ्नै हजुर बुवा नाता पर्ने व्यक्तिबाट बलात्कृत हुँदा पनि कारवाही नहुनु बिडम्वना रहेको बताँउदै तत्काले सुरक्षा निकायलाई पीडकलाई कारवाही र पीडितलाई न्याय दिन निर्देशन दिनुभयो ।यसको साथै आयोगले सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग मिलेर पीडित बालिकालाई न्याय दिलाउनका लागि विभिन्न निकायहरुमा पहल गर्दै आएको छ ।

## ४.८ प्रेमीद्वारा मट्टितेल छर्केर जलाईएकी किशोरीको अवस्था बुझ्न Nepal Cleft and Burn Center किर्तिपुरको भ्रमण



मिति २०७७ चैत्र ८ मा प्रेमीद्वारा मट्टितेल छर्केर जलाइएकी किशोरीको अवस्था बारे बुझ्न आयोगको माननीय सदस्य कृष्ण कुमारी खतिवडाको नेतृत्वमा उपसचिव श्यामप्रसाद श्रेष्ठ ,मुद्दा व्यवस्थापक विमला खड्का, मनोसामाजिक मनोविमर्शकतापार्वती सुवेदीसहितको टोली मिति २०७७ चैत्र १६ गते Nepal Cleft and Burn Center कीर्तिपुर, काठमाडौं पुगेको थियो ।

घटनाबारे बुझ्ने क्रममा टोलीले तत्कालै सम्बन्धित प्रहरी कार्यालय र सरकारी वकील कार्यालयमा उजुरी र मुद्दाको अवस्था र उजुरीको कारबाहीको सम्बन्धमा जानकारी लिएको थियो । पीडित र पीडितका परिवारका

सदस्यहरुलाई मनोसामाजिक परामर्शका साथै मुद्दाको प्रक्रियाकोबारेमा कानुनी परामर्श उपलब्ध गराइएको थियो ।

## ४.९ कपिलवस्तु जिल्ला अस्पतालमा रहेको एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) को अनुगमन



माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वको टोलीले २०७७ चैत्र २६ गते कपिलवस्तु जिल्ला अस्पतालमा रहेको एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) को अनुगमन गरेको थियो । उक्त अनुगमनको क्रममा आयोगको टोलीले अस्पतालका कर्मचारीहरु डा.गणेश क्षेत्री, OCMC इन्चार्ज लीला शर्मा, मनोपरामर्शदाता आशा थापा, इमर्जेन्सी ईन्चार्ज प्रविन कमार मिश्र  र ल्याब टेक्नीसियन राहूल चौधरीसँग छलफल गरेको थियो ।

अनुगनका क्रममा प्राप्त जानकारी देहाय बमोजिम रहेको छ :

- एकद्वार संकट व्यवस्थापन केन्द्र (One Stop Crisis Manageent Cener- OCMC) का बारेमा न्यून व्यक्तिहरु मात्र जानकार रहेको,
- तलिम प्राप्त मनोपरामर्शदाताको आवश्यकता रहेको,
- पीडितलाई उपचारपछि पुनःस्थापनाका निमित्त जिल्लामा पर्याप्त सेफ हाउसहरु नभएका कारण पीडित पुनः हिंसामा पर्ने जोखिम रहेको,
- महिलालाई आत्मनिर्भर बनाउनका लागि उनीहरुको इच्छा अनुरुपको सीपमूलक तालीम दिने वातावरण नरहेको ।

आयोगबाट दिइएको सुझाव

- एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) का बारेमा आम सर्वसधारणमा व्यापक प्रचार प्रसार गर्नु पर्ने ।
- हरेक स्थानीय तहमा एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) को जानकारीमूलक प्रचार प्रसार सामग्रीहरुको प्रकाशन र वितरणमा जोड दिनु पर्ने ।
- परिवारमा पुनःस्थापना गर्दा जोखिम हुने अवस्थामा स्थानीय तहमा पर्याप्त सेफहाउसहरु व्यवस्था गर्नु

पर्ने ।

- महिलालाई आत्मनिर्भर बनाउनका लागि उनीहरुको इच्छा अनुरुपको सीपमूलक तालिम दिने वातावरणको निर्माण गर्नुपर्ने ।

## ४.१० साथी संस्था, कपिलवस्तुको अनुगमन



माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वको टोलीले २०७७ चैत्र २६ गते कपिलवस्तुमा रहेको साथी संस्थाको सेल्टरको अनुगमन गरेको थियो । आयोगको टोलीले सेल्टरका संयोजकबिमला घिमिरे र परामर्शदाता सुषमा गुरागाईसँग भेटेको थियो ।

अनुगमनका क्रममा देखिएका कुराहरु निम्नानुसार रहेको छ :

- साथीमा विशेषगरी अस्पताल र प्रहरी कार्यालयबाट रेफर भएका घटना आउने गरेको,
- १६ वर्ष मुनिका किशोरीहरु आफू खुशी भागेर विवाह गर्ने अनि पारिवारिक तनाव भएपछि काउन्सिलिङका लागि पनि त्यहाँ आउने गरेको,
- हिंसा पीडितका परिवारलाई समेत काउन्सिलिङ गर्ने गरिएको,
- प्रहरी र अस्पतालकोतर्फबाट हिंसा न्यूनीकरणका लागि सहयोग पाएको तर स्थानीय निकायबाट सहयोग नपाएको,
- आश्रयस्थलमा बस्ने महिलाहरुले कुनै किसिमको सीप सिक्न चाहेको खण्डमा त्यसको व्यवस्था गरिएको ।

<u>चुनौती</u>

- संस्थाले प्रदान गर्ने सेवाहरुको प्रचार प्रसारको आवश्यकता रहेको,
- वास्तविक पीडितहरुलाई घटना घटेपछि समाजमै मेलमिलाप गरेर पठाउन चुनौती रहेको,
- राजनीतिक हस्तक्षेपको परिपाटीले वास्तविक पीडितले न्याय पाएको अवस्था ज्यादै न्यून भएको,
- महिलालाई आत्मनिर्भर बनाउनका लागि उनीहरुको इच्छा अनुरूपको सीपमूलक तालीमहरुको अझ बिस्तार गर्नु पर्ने खाँचो रहेको,
- पर्याप्त कर्मचारी नहुनाले काम गर्न कठिनाइ भएको ।

<u>आयोगबाट प्रदान गरिएको सुझाव</u>

- समाजमा प्रचलित हानिकारक अभ्यासहरुको बारेमा व्यापक प्रचार प्रसार हुनुपर्ने ।
- परिवारमा पुनःस्थापना गर्दा जोखिम हुने अवस्थामा स्थानीय तहमा पर्याप्त सेफहाउसहरुको व्यवस्था हुनुपर्ने ।

- महिलालाई आत्मनिर्भर बनाउनका लागि उनीहरुको इच्छा अनुरुपको सीपमूलक तालीम दिने वातावरणको निर्माण गर्नुपर्ने ।

## ४.११ मानव सेवा आश्रम, बुटवलको अनुगमन



माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वको टोलिले २०७७ चैत्र २७ गते बुटवलस्थित मानव सेवा आश्रमको अनुगमन गर्ने क्रममा कार्यक्रम संयोजक शरु अधिकारीँग भेटेको थियो ।

अनुगमनका क्रममा देखिएका कुराहरु देहाय बमोजिम रहेको छ :

- मानव सेवा आश्रममा महिला र पुरुषलाई छुटै आवस गृहमा राख्ने व्यवस्था रहेको,
- आश्रममा जम्मा ९ वर्ष देखि ६० वर्ष सम्मका बालबालिका र महिला आश्रित रहेको,
- स्याहार सम्भार गर्नका निमित्त ५ जना कर्मचारी रहेको,
- मनेविमर्शकर्ता नभएर समस्या भएको,
- आश्रममा आश्रित महिला तथा बालबालिकाहरु बिरामी पर्दा औषधी र उपचारमा आर्थिक समस्या पर्ने गरेको,
- उद्धार गर्ने क्रममा आफ्नो सवारी साधन अथवा एम्वुलेन्स नभएकोले प्रहरी प्रशासनबाट मद्दत लिने गरिएको
- आश्रम स्वयंसेवीहरुबाट सञ्चालित ।

आयोगबाट प्रदान गरिएको सुझाव

- सडक पेटीमा वेवारिसे अवस्थामा भेटिएका व्यक्तिहरुको उद्धारका लागि सरोकारवाला निकायसँग एम्बुलेन्सको पहल गर्ने ।
- आश्रममा मनोविमर्शकर्ताको व्यवस्था गर्ने ।
- सक्षम इच्छुक महिलाहरुका लागिसीप सिकाएर आत्मनिर्भर बनाउने ।

## ४.१२ माइती नेपालको रुपन्देहीस्थित सेल्टरको अनुगमन

माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वको टोलीले २०७७ चैत्र २७ गते रुपन्देहीस्थित माइती नेपालको अनुगमन गर्ने क्रममा सेल्टर संयोजक माया क्षेत्रीसँग भेटेको थियो ।

अनुगमनका क्रममा देखिएका कुराहरु देहाय बमोजिम रहेको छ :

- उद्धार गर्ने प्रक्रिया सबै केन्द्रीय कार्यालयबाट हुने,
- आवश्यकता हेरेर कसैलाई १ देखि २ वर्षसम्म पनि आश्रय स्थलमा राखिँदै आएको,
- प्रविधिको दुरुपयोग गरेर नेपाली चेलीहरुलाई भारतमा मात्र नभएर अन्य मुलुकमा समेत बेचबिखन गर्ने गरिएको,
- अपराध गर्ने गिरोह सक्रिय अनि बलियो रहेकाले न्यून संख्यामा मात्र पक्राउ पर्ने गरेको,
- आश्रयस्थलमा बस्ने महिलाहरुलाई हाल कुनै किसिमको सीप तथा तालिमको अवसर नभएको ।

चुनौती

- यस पेशामा संलग्न अपराधीहरुको धेरै माथिल्लो तहसम्म पहुँच हुने गरेकाले आपराधिक प्रवृत्ति भएका मानिसहरुले उन्मुक्ति पाउने गरेको,
- चेलीबेटीहरु र उनीहरुको परिवारले बद्नामीको डरले बयान फिर्ता लिने, जाहेरी दिन नचाहने प्रवृत्तिले गर्दा अपराधी सजिलै फुत्कन सक्ने अवस्था रहेको,
- राजनीतिक हस्तक्षेपको परिपाटीले वास्तविक पीडितले न्याय पाएको अवस्था ज्यादै न्यून रहेको,
- महिलालाई आत्मनिर्भर बनाउनका लागि उनीहरुको इच्छा अनुरुपको सीपमूलक तालीमहरुको बिस्तार गर्नुपर्ने ।

आयोगबाट प्रदान गरिएको सुझाव

- समाजमा विद्यमान यस्ता आपराधिक गतिविधिमा संलग्न गिरोहहरुलाई जडबाटै निर्मूल पार्न सबैजना एकजुट हुनुपर्ने ।
- कडा भन्दा कडा कानून तर्जुमा गरिनुपर्ने र मानव बेचविखन जस्तो जघन्य अपराधमा संलग्न व्यक्तिहरुलाई कडा सजाय दिनुपर्ने ।
- हरेक स्थानीय तह यस कार्यमा संवेदनशील हुनुपर्ने र मानव बेचविखनमा प्रयोग हुने गरेका नयाँ नयाँ प्रयत्नहरुका बारेमा सबैमा जनचेतना जगाउनु पर्ने ।
- परिवारमा पुनःस्थापना गर्दा जोखिम हुने अवस्थामा सेफहाउसहरुमा  पर्याप्त ठाउँ व्यवस्था गर्नुपर्ने ।
- महिलालाई आत्मनिर्भर बनाउनका लागि उनीहरुको इच्छा अनुरुपको सीपमूलक तालीम दिने वातावरणको निर्माण गरिनुपर्ने ।

## ४.१३ यौनजन्य दुर्व्यवहारको घटनाको अनुगमन



राष्ट्रिय महिला आयोगको माननीय सदस्य विद्या कुमारी सिन्हाको नेतृत्वको टोलीले २०७७ चैत्र २७ गते सर्लाही जिल्ला वलरा नगरपालिका वडा न. १० सुदमामा २०७७ चैत्र १६ गते राति ११:१५ मा रोशन सिंहको नेतृत्वमा चार जनाको समूहले घरमा प्रवेश गरी यौनजन्य दुव्यर्वहार गरेको घटनामा पीडित पूजा सिंहको घरमा गई घटनाबारे जानकारी लिएको थियो । साथै, पीडितलाई आयोगले सक्दो सहयोग गर्ने प्रतिबद्धता समेत जाहेर गरेको थियो ।

### ४.१४ भारतको सीतामढीबाट उद्धार भएका बालिकासँग भेट

राष्ट्रिय महिला आयोगको माननीय सदस्य विद्या कुमारी सिन्हाको नेतृत्वको टोलीले २०७७ चैत्र २७ गते भारतको सीतामढीबाट उद्धार गरी ल्याइएका महोत्तरी जिल्ला भगाह ५ धरमपुरका ७ जना बालिकालाई भेटी निजहरुको अवस्थाको बारेमा जानकारी लिएको थियो ।

### ४.१५ हाम्रो संसार (Our Sansar) नेपाल आवास गृहको अनुगमन



राष्ट्रिय महिला आयोगको माननीय सदस्य विद्या कुमारी सिन्हाको नेतृत्वको टोलीले २०७७ चैत्र ३१ गते प्रदेश २ धनुषा जिल्ला जनकपुरधामको पिडारी चोकस्थित हाम्रो संसार नेपाल आवास गृहको अनुगमन गरेको थियो ।

उक्त टोलीमा आयोगका अनुगमन तथा मूल्यांकन व्यवस्थापक सञ्जय ढकाल, मनोसामाजिक मनोविमर्शकर्ता पार्वती सुवेदी, कानून अधिकृत उर्मिला रोक्का सहितको टोलीले आवास गृह र त्यसले प्रदान गर्ने सेवाको बारे जानकारी लिएको थियो । टोलीले त्यहाँको भौतिक संरचनाको अनुगमन गर्नुका साथै भविष्यमा सहकार्य गर्ने सम्बन्धमा आवास गृहका अध्यक्ष श्री मुकेश शाह, सेल्टर व्यवस्थापक श्री सरोज यादव, मनोविमर्शकर्ता श्री सदीक्षा ढकालसँग छलफल गरेको थियो । उक्त अनुगमनमा आयोगका काम, कर्तव्य र अधिकार बारे पनि जानकारी प्रदान गरिएको थियो । प्रदेश २ मा घटेका महिला हिंसाका घटनाका बारेमा संस्थाले सिफारिस गरेमा आवश्यक सहयोग गर्ने प्रतिबद्धता आयोगले जाहेर गरेको थियो ।

## ४.१६ चितवनको देवघाटस्थित रोटरी क्लबद्धारा सञ्चालित वृद्धाश्रमको अनुगमन




राष्ट्रिय महिला आयोगका माननीय सदस्य कृष्ण कुमारी खतिवडाको नेतृत्वको टोलीले २०७७ चैत्र ३१ गते चितवनको देवघाटस्थित रोटरी क्लबद्वारा सञ्चालित वृद्धाश्रमको अनुगमन सम्पन्न गरेको थियो । अनुगमनको मुख्य उद्देश्य वृद्धाश्रममा रहेका वृद्धवृद्धाहरुको अवस्थाबारे जानकारी लिने, निजहरुलाई परेको समस्याहरुबारे जानकारी लिई सम्बन्धित निकायहरुको ध्यानाकर्षण गराउने र वृद्धाश्रममा अवस्थित स्थान, भौतिक पूर्वाधार, सरसफाइ, नियमित स्वास्थ्य परीक्षण, पौष्टिक खानपान लगायतका बिषयहरुमा स्थलगत जानकारी लिने रहेको थियो ।

अनुगमनका क्रममा वृद्धाश्रममा सञ्चालनका सन्दर्भमा देखिएका चुनौतीहरु निम्नानुसार छन्:

- वृद्धाश्रमको सञ्चालन खर्च व्यवस्थापन गर्न कठिनाइ रहेको,
- आश्रममासेवा लिन आउने वृद्ध वृदाहरुको बढदो संख्यालाई पर्याप्त सेवा प्रवाह गर्न कठिनाइ भएको,
- आश्रित वृद्धवृद्धाहरुको नियमित स्वास्थ्य परीक्षण, उपयुक्त पोषण आहारको व्यवस्थापन गर्न कठिनाइ भएको,
- दाताहरुको सहयोग जुटेको समयमा मात्रै आश्रमको सवै व्यवस्थापन सहज रुपमा गर्न सकिने भएकोले आश्रमको नियमित आय स्रोत नहुनु एक प्रमूख समस्या देखिएको,
- चितवनको देवघाटमा सञ्चालित आश्रम स्थलसम्म आवत जावत गर्ने सार्वजनिक यातायातको साधनको पर्याप्त व्यवस्था नहुँदा औषधि उपचार वा अन्य कुराको लागि आश्रित वृद्ध वृद्धालाई शहरसम्म लैजाने ल्याउने गर्नु पर्दा महँगो अतिरिक्त खर्च व्यहोर्न पर्ने अवस्था रहेको ।

उक्त अवसरमा टोलीले औंल्याएका सुझावहरु निम्नानुसार रहेका छन्:

- सरकारी तवरबाट नै आवश्यकता अनुसार वृद्धाश्रमहरुको व्यवस्था गरी सञ्चालन गर्न आवश्यक देखिएको ।
- सरकारी र निजीस्तरमा सञ्चालित आश्रमहरुको नियमित अनुगमन गरी आवश्यक सहयोग उपलब्ध गराई समन्वय गरेर देखिएका समस्या समाधान गर्न आवश्यक रहेको ।
- सरकारको तर्फबाट खासै सहयोग प्राप्त गर्न नसकिएको गुनासो आश्रमको व्यवस्थापन पक्षले गरेको हुँदा यस सम्बन्धमा प्रदेश तथा स्थानीय सरकारको समन्वयकारी भूमिका रहनु पर्ने देखिन्छ ।
- वृद्धाश्रममा आश्रित ज्येष्ठ नागरिकहरुले वृद्ध भत्ता प्राप्त गर्न कठिनाइ भएकोले आश्रममा आश्रित वृद्धवृद्धालाई आश्रमको पहल र रोहबरमा बृद्धभत्ता उपलव्ध गराउन सम्बन्धित स्थानीय निकायले सहयोग गर्न आवश्यक देखिएको ।

- अशक्त अवस्थामा पुगेका वृद्धवृद्धाहरुको उपचारको व्यवस्था आर्थिक स्रोतको अभावमा आश्रमले गर्न नसक्ने हुँदा त्यस्ता अवस्थामा पुगेका वृद्धवृद्धाहरुको व्यवस्थापन चुनौतीपूर्ण रहेकोले त्यसतर्फ सरकारको ध्यानाकर्षण गराउन जरुरी देखिएको ।

## ४.१७ वहुसाँस्कृतिक मनोसामाजिक संस्था  नेपाल (टि.पि.ओ. नेपाल), मानव सेवा आश्रम, साथी संस्था र कानूनी सहायता तथा परामर्श केन्द्रको अनुगमन



राष्ट्रिय महिला आयोगको माननीय अध्यक्ष कमला कुमारी पराजुली, माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा, माननीय सदस्य विद्या कुमारी सिन्हा सहितको टोलीले २०७८ बैशाख ३ गते साभ्रेदार संस्था टि.पि.ओ नेपाल र मानव सेवा आश्रमको र २०७८ बैशाख ५ गते साथी संस्था र कानूनी सहायता तथा परामर्श केन्द्रको अनुगमन गरेको थियो। अनुगमनका क्रममा आयोगले संस्थाहरुले प्रदान गर्दै आएका सेवाहरु, सेवा प्रवाहको क्रममा भोग्नु परेका चुनौतीहरु र उपलब्धीहरुका बारमो छलफल गर्दै आगामी दिनहरुमा पनि आवश्यक सहकार्य गर्ने प्रतिवद्धता जाहेर गरेको थियो ।

## ४.१८ श्रीमान् र परिवारबाट निर्घात कुटपिट गरिएकी धनुषाको गोदावरी अस्पतालमा उपचाररत महिलाको स्थलगत अनुगमन



२०७७ चैत्र ३१ गते दिउँसोको समयमा श्रीमान् अरुण यादव र परिवारका अन्य सदस्यले निर्घातरुपमा कुटपिट गरी कपाल काटी बाटो मुनिको नालीमा फयाँकिएकी पीडितलाई धनुषा जिल्लाको गोदावरी अस्पतालमा

राष्ट्रिय महिला आयोगका माननीय सदस्य विद्या कुमारी सिन्हासहितको टोलीले २०७८ वैशाख ७ गते भेटघाट गरेको थियो ।

भेटघाटको क्रममा सामाजिक सञ्जालमा सक्रिय रहेको थाहा पाएर श्रीमान्ले कुटपिट गरेर हात खुट्टा भाँचिदिएको, कपाल काटिदिएको र आँखामा पनि असर पर्ने गरी कुटी नालीमा फ्याँकिदिएको भनी पीडितले बताइन् । निर्घात रुपमा भएको कुटपिट र कपाल काटिएको हात खुट्टा भाँचिएको कारण अचेत अवस्थामा भेटिएकाले उनलाई तत्काल स्थानीय स्वास्थ्य चौकीमा लगी प्राथमिक उपचार गरिएको थियो । स्वास्थ्य चौकीका अ.हे.व का अनुसार निजलाई राति प्राथमिक उपचार गरी अन्य अस्पताल लैजान रिफर गरिएको थियो । हात भाँचिएकाले बैशाख १ गते अपरेशन गरेको र हाल निजको स्वास्थ्य अवस्था सामान्य रहेको बताउनु भयो ।

राष्ट्रिय महिला आयोगका माननीय सदस्य विद्या कुमारी सिन्हाले पीडितलाई न्याय प्राप्तीका लागि आयोगको तर्फबाट पर्याप्त सहयोग गर्ने र पीडकलाई कानुन अनुसार सजाय दिलाउनका लागि प्रहरी प्रशासनलाई अनुरोध गर्दै यस्ता किसिमका घरेलु हिंसाका अपराधलाई राजनीतिकरण नगरी पिडकलाई उन्मुक्ति नदिनेप्रतिबद्धता जाहेर गर्नुभयो ।

### ४.१९ बोक्सीको आरोप लगाई दिसा पिसाब खुवाइएका सिराहा जिल्ला, औरही गाउँपालिकाको वडा नं. ५ मा बसोबास गर्ने पीडितको अनुगमन

सिराहा जिल्लाका औरही गाउँपालिकाको वडा नं. ५ मा बसोबास गर्नेहीरादेवी साहमाथि बोक्सीको आरोप लगाई दिसा पिसाब खुवाइएको घटना २०७८ साल बैशाख ४ गते घटेको र बैशाख ५ गते पीडितले नजिकको प्रहरी कार्यालयमा उजुरी गरेकी थिइन् । उक्त घटनाको बारेमा विभिन्न सामाजिक सञ्जालको माध्यमबाट राष्ट्रिय महिला आयोगलाई जानकारी प्राप्त भएपश्चात् राष्ट्रिय महिला आयोगका सदस्य माननीय विद्या कुमारी सिन्हाको नेतृत्वको टोलीले सिराहा जिल्लास्थित हीरादेवी साहको २०७८ वैशाख ८ गते स्वास्थ्य स्थिति अनुगमन गरेको थियो ।

पीडितका अनुसार पीडितसँग गाउँघरका छरछिमेकीहरु कोही पनि नबोल्ने र घरमा आवतजावत पनि गर्ने गरेका छैनन् । घटना घटेपश्चात् यस कुराले छोरालाई बढी असर पारेको, छोरा विद्यालयमा पढ्न पनि जान नसकेको,त्यही घटनालाई लिएर उसँग कोही पनि नबोल्ने र विद्यालयमा उसको साथीहरुसँग पनि नराम्रो व्यवहार गर्ने गरेको पीडिलने बताइन । आयोगले यस घटनामा पीडकलाई कार्वाही गर्नका लागि सम्बन्धित प्रशासनलाई अनुरोध गर्नुको साथै आयोगको तर्फबाट लिनुपर्ने पहलकदमीका लागि प्रतिबद्धता व्यक्त गरेको थियो ।

# परिच्छेद - ५
# आयोगबाट सम्पादन भएका कार्यक्रमहरु

पदाधिकारीहरुको पदवहालीपछि आयोगका माननीय अध्यक्ष तथा सदस्यको नेतृत्वको टोलीले विभिन्न प्रदेश तथा जिल्लाहरुमा कार्यक्रमहरु सञ्चालन गरेको थियो । पदाधिकारीहरुको पदवहाली पश्चात्आयोगले देहाय बमोजिमका प्रदेश र जिल्लाहरुमा देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गरेको छ :

| | |
|---|---|
| प्रदेशहरु - ६ | प्रदेश १, प्रदेश २, बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, सुदूर-पश्चिम प्रदेश |
| जिल्लाहरु -२१ | मोरङ्ग, पाँचथर, सर्लाही, धनुषा, महोत्तरी काठमाडौं, भक्तपुर, रसुवा, धादिङ्ग, चितवन, मकवानपुर, दोलखा, पाल्पा, अर्घाखाँची, गुल्मी, रुपन्देही, कपिलवस्तु, कैलाली, कञ्चनपुर, बैतडी, सिरहा |

## ५.१ महिलामाथि हुने हिंसा निवारणको सम्बन्धमा शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापनका पदाधिकारीसँगको विद्यालयस्तरीय अभिमुखीकरण कार्यक्रम

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७ माघ २३ | बागमती | भीमेश्वर नगरपालिका | ८० |
| २०७७ फाल्गुन १८ | १ | पाँचथर | १२४ |
| २०७७ चैत्र ८ | सुदूर पश्चिम | भीमदत्त नगरपालिका कञ्चनपुर | ८४ |
| २०७७ चैत्र ११ | बागमती | चाँगुनारायण, भक्तपुर | ६५ |
| २०७७ चैत्र १३ | बागमती | काठमाण्डौ | ९० |
| २०७७ चैत्र २७ | २ | महोत्तरी | १०० |

आयोगले विद्यालयस्तरीय कार्यक्रममा समेट्दै आएकाविषयहरु

- शारीरिक, मानसिक, यौनजन्य र आर्थिक लगायतका यातनाका प्रकारहरु
- उजुरी गर्ने तरिका र हदम्याद
- उजुरी गर्ने निकायहरु - राष्ट्रिय महिला आयोग, प्रहरी कार्यालय, स्थानीय निकाय र अदालत
- मेलमिलापका प्रक्रियाहरु
- हिंसामा हुने सजायहरु
- पीडितलाई आवश्यक सहयोग सम्बन्धी व्यवस्था
- बालबालिकालाई हिंसाबाट बच्ने उपायहरुका आधारभूत सीपहरु, आत्मरक्षाका विधिहरु
- मानसिक स्वास्थ्य र मनोसामाजिक सहयोगका विषयहरु

### ५.१.१ भीमेश्वर नगरपालिका,दोलखा

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७ माघ २३ | ३ | दोलखा | ८० |



राष्ट्रिय महिला आयोगले महिलामाथि हुने हिंसा निवारणको सम्बन्धमा शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापनका पदाधिकारीसँगको विद्यालय स्तरमा हुने अभिमुखीकरण कार्यक्रम दोलखा जिल्लाको भीमेश्वर नगरपालिकामा २०७७ माघ २३ गते सञ्चालन गऱ्यो ।

दोलखा जिल्लाका पाँच विद्यालयहरु - पशुपति कन्या मन्दिर, कुटीडाँडा माध्यमिक विद्यालय, कालिञ्चोक माध्यमिक विद्यालय, बुद्ध भीमसेन माध्यमिक विद्यालय, भीम माध्यमिक विद्यालयबाट आएका लगभग ८० विद्यार्थीहरुलाई हिंसा सम्बन्धी कानूनहरुको साथै मनोसामाजिक परामर्शसम्बन्धी सत्र सञ्चालन गरियो । यसको साथै कार्यक्रमका प्रमुख अतिथि शिक्षा विभागका शाखा अधिकृत श्री अर्जुन कार्कीज्यू र प्रहरी निरीक्षक श्री अन्जन कोइरालाज्यूले पनि आफ्ना प्रस्तुति भएको थियो ।

### ५.१.२ च्याङ्थापु, पाँचथर

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७ फाल्गुन १८ | १ | पाँचथर | १२४ |




आयोगका माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडाज्यूको अध्यक्षतामा मिति २०७७ फाल्गुन १८ गते पाँचथर जिल्लाको च्याङ्थापुमा महिलामाथि हुने हिंसा निवारणको सम्बन्धमा शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापनका पदाधिकारीहरुसँग विद्यालयस्तरमा अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको थियो । कार्यक्रममा ७१ महिला र ५३ पुरुष गरी जम्मा १२४ जना सहभागी थिए ।

छलफलमा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरु

- लैङ्गिकता र समानताका विषयमा लगातार अन्तर्क्रिया र  सचेतनामूलक कार्यक्रम सञ्चालन हुनुपर्ने,
- महिला अधिकारहरुको व्यापक प्रचारप्रसार हुनुपर्ने,
- मादक पदाथर्को सर्वसुलभ उपलव्धताले महिला हिंसा बढेको हुँदा कडाईका साथ विक्री वितरण हुनुपर्ने,
- असल अभ्यासहरुको आदान प्रदान हुनुपर्ने,
- विद्यालयमा नैतिक शिक्षाको पठन पाठनलाई पनि जोड दिनुपर्ने ।

### ५.१.३ भीमदत्त नगरपालिका, कञ्चनपुर

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७ चैत्र ८ | सुदुर पश्चिम | कञ्चनपुर | ८४ |



राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्व तथा अध्यक्षतामा २०७७ चैत्र ८ गते महिला माथि हुने हिंसा निवारणको सम्बन्धमा शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापनका पदाधिकारीहरूसँग विद्यालयस्तरीय अभिमुखीकरण कार्यक्रम कञ्चनपुर जिल्लाको भीमदत्त नगरपालिकामा सञ्चालन गरियो ।

समाजमा व्याप्त रहेका लैङ्गिक हिंसा सम्बन्धमा अभिमुखीकरण गरी हिंसा निवारणमा किशोर किशोरीहरुलाई जिम्मेवार बनाउन र महिला माथि हुने विभिन्न किसिमका हिंसाका घटनाबारे विद्यालयस्तरमा जनचेतना फैलाउने उदेश्यले सञ्चालित कार्यक्रममा प्रमुख अतिथि कञ्चनपुर जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक अमर बहादुर थापा हुनुहुन्थ्यो भने अन्य अतिथिहरूमा उच्च अदालत बार एसोशिएसन महेन्द्रनगरका अधिवक्ता उद्धव राज भट्ट र उक्त विद्यालयका व्यवस्थापन पदाधिकारीहरु हुनुहुन्थ्यो ।

कार्यक्रममा कञ्चनपुर जिल्लाका पाँच विद्यालयहरुबाट कक्षा ८, ९ र १० का छात्र/छात्रा, व्यवस्थापन पदाधिकारी र शिक्षक शिक्षिकाहरु गरी जम्मा ८४ जनाको सहभागिता रहेको थियो ।  सो कार्यक्रममा पाँच विद्यालयबाट शिक्षक र विद्यार्थीहरुको साथ विद्यालय व्यवस्थापन समितिका सदस्यहरुको सहभागिता थियो । कार्यक्रममा माननीय अध्यक्ष कमला कुमारी पराजुलीले हरेक विद्यालयले विद्यार्थीहरुलाई लैङ्गिक हिंसाको बारेमा जानकारी दिनुपर्ने र निरन्तर रुपमा विद्यालयमा यस्ता कार्यक्रमहरुको आयोजना गर्नुपर्ने कुरामा जोड दिनु भयो । यसको साथै विद्यार्थीहरुले पनि आफ्नो अधिकारको साथै दायित्व बारेमा पनि सचेत भई कार्य गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

### ५.१.४ दुवाकोट, भक्तपुर

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७ चैत्र ११ | ३ | भक्तपुर | ६५ |



राष्ट्रिय महिला आयोगले माननीय सदस्य विद्या कुमारी सिन्हाको अध्यक्षतामा २०७७ चैत्र ११ गते महिला माथि हुने हिंसा निवारणको सम्बन्धमा शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीसँगको विद्यालय स्तरमा अभिमुखीकरण कार्यक्रम दुवाकोटस्थित भक्तपुरको चाँगुनारायण माध्यमिक विद्यालयमा सञ्चालन गऱ्यो । उक्त कार्यक्रममा चाँगुनारायण माध्यमिक विद्यालय, दोलागिरी माध्यमिक विद्यालय, मनोहरा आधारभूत विद्यालय, र गणेश आधारभूत विद्यालयबाट ६५ जना विद्यार्थीहरुको सहभागिता थियो ।

कार्यक्रममा लैङ्गिक हिंसा सम्बन्धी जानकारीका साथै बालबालिका तथा मनोसामाजिक सहयोग विषया प्रस्तुति गरिएको थियो । विद्यार्थीहरुलाई स्वस्थ तन मनको लागि उपयोगी सकारात्मत व्यायामको साथै Girls Kick संस्थाबाट आत्मसुरक्षाको लागि उपयोगी विधि समेत प्रदर्शन गरिएको थियो । लैङ्गिक हिंसा निवारणका लागि राष्ट्रिय महिला आयोगबाट सञ्चालन गरिएका कार्यहरु विषयक प्रस्तुति गरिएको थियो भने अन्तमा चाँगुनारायण मा.वि.का छात्र रमेश थापा अनि दोलागिरी मा.वि.की छात्रा आयुषा तामांगले कार्यक्रमबारे आफ्ना भनाई राखेका थिए ।

### ५.१.५ जोरपाटी, काठमाण्डौं

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७ चैत्र १३ | ३ | काठमाण्डौं | ९० |

राष्ट्रिय महिला आयोगका माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडाको अध्यक्षतामा चैत्र १२ २०७७ गते महिलामाथि हुने हिंसा निवारणको सम्बन्धमा शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीसँग विद्यालयस्तरमा अभिमुखीकरण कार्यक्रम चामुण्डा मा. वि जोरपाटी, काठमाडौंमा सञ्चालन गरिएको थियो । कार्यक्रममा आयोगको गतिविधिका साथै मनोपरामर्श सम्बन्धी सत्र र प्र.ना.उ. नवीन कार्कीले स्रोत व्यक्तिको रुपमा आफ्नो प्रस्तुति राख्नु भएको थियो ।



बालबालिकाहरुलाई लैङ्गिक हिंसा विरुद्ध सचेतना अभिवृद्धि गर्न बालबालिकाहरुको बढ्दो उमेरसँगै शारीरिक मानसिक तथा संवेगाात्मक परिवर्तन हुने भएको हुँदा मनोसामाजिक अन्यौल उत्पन्न हुने भएकोले मनोसामाजिक विमर्शका सम्बन्धमा चेतना अभिवृद्धि तथा जीवन उपयोगी सीप सम्बन्धी अभिमुखीकरण गर्ने उद्देश्यसहित उक्त कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा ९० जना सहभागीहरु थिए ।

छलफलमा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरु :

- बालबालिकालाई हिंसाबाट बच्ने उपायहरुका आधारभूत सीपहरु दिनुपर्ने,
- विद्यालयको वातावरण हिंसामुक्त बनाउन जोड दिने,
- बालक्लब,युवाक्लब मार्फत आवाज उठाउने,
- महिला हिंसा विरुद्ध कार्यक्रम सञ्चालन गर्ने,
- जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

### ५.१.६ महोत्तरी

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७ चैत्र २७ | २ | महोत्तरी | ६१ |



आयोगका माननीय सदस्य विद्या कुमारी सिन्हाको अध्यक्षतामा २०७७ चैत्र २७ गते महिलामाथि हुने हिंसा निवारणको सम्बन्धमा शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीसँग विद्यालयस्तरमा अभिमुखीकरण कार्यक्रम महोत्तरी जिल्लाको जिल्ला समन्वय समितिको सभाहालमा संचालन गरियो ।

कार्यक्रममा प्रमुख अतिथि जिल्ला समन्वय समितिका सभापति श्री सुरेश प्रसाद सिंह र विशेष अतिथि प्रमुख जिल्ला अधिकारी तीर्थराज भट्टराई हुनुहुन्थ्यो । सो कार्यक्रममा विद्यालयका विद्यार्थीहरु, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका सदस्य, जिल्ला समन्वय समितिका सभापति, प्रमुख जिल्ला अधिकारी, प्रहरी, नागरिक समाजका प्रतिनिधिहरु, सरकारी कार्यालयका कर्मचारी, जलेश्वर नगरपालिकाका उपमेयर, पत्रकारहरु आदिको उपस्थिति रहेको थियो ।

छलफलमा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरु

- विद्यार्थीलाई यस्ता कार्यक्रममा सहभागिता गराए हिंसा न्यूनीकरणमा प्रत्यक्षरुपमा टेवा पुग्ने निश्चित रहेको,
- शिक्षक र विद्यालय व्यवस्थापन समितिका सदस्यलाई यसैगरी नै सहभागिताको समीकरण मिलाउन उपयुक्त हुने,
- कार्यक्रममा सीमित विद्यालयका विद्यार्थी मात्र नभई सम्भाव भएसम्म धेरै विद्यालयका छात्र र छात्राहरुलाई संलग्न गराउन उचित हुने,
- साईबर क्राइम, विद्यालयमा हुने हिंसा, मनोसामाजिक परामर्श जस्ता कार्यपत्रहरु उत्कृष्ट रहेको र आउने दिनहरुमा पनि यस्ता कार्यपत्रहरुलाई जारी राख्नु पर्ने ।

## ५.२ CEDAW (सिड) समितिले नेपालको छैटौं आवधिक प्रतिवेदन उपर प्रदान गरेको निष्कर्ष सुझावको कार्यान्वयनका सम्बन्धमा विभिन्न निकायहरुबीच अन्तर्क्रिया कार्यक्रम

नेपालको छैटौं आवधिक प्रतिवेदन उपर सिड समितिले प्रदान गरेको निष्कर्ष सुझावको विषयमा आयोगका पदाधिकारीहरुको उपस्थितिमा विभिन्न निकायहरुसँग अन्तक्रियां कार्यक्रम सम्पन्न गरिएको थियो । आयोगले उक्त कार्यक्रमहरुबाट प्राप्त सुझावहरु समावेश गरेर मस्यौदा प्रतिवेदन तयार गरेको थियो ।

### ५.२.१ न्यायिक क्षेत्रका निकायहरुसँगको अन्तर्क्रिया

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७ फाल्गुन ६ | बागमती | काठमाण्डौं | ४१ |

### ५.२.२ स्थानीय तहका प्रतिनिधिहरुसँगको अन्तर्क्रिया कार्यक्रम

१११ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा नेपालको छैटौं आवधिक प्रतिवेदन उपर सिड समितिले प्रदान गरेको निष्कर्ष सुझावको कार्यान्वयनमा निम्न मितिमा स्थानीय निकायका उपप्रमुखहरुसँग छलफल गरिएको थियो ।

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७ फाल्गुन ११ | बागमती | काठमाण्डौं | २७ |

### ५.२.३ नेपालको छैटौं आवधिक प्रतिवेदन उपर सिड समितिले प्रदान गरेको निष्कर्ष सुझावको कार्यान्वयन अवस्था सम्बन्धी प्रतिवेदनको मस्यौदामाथि राष्ट्रिय गोष्ठी

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७ चैत्र ५ | बागमती | काठमाण्डौं | ५६ |




राष्ट्रिय महिला आयोगले विभिन्न मन्त्रालयहरु, संवैधानिक आयोगहरु, संघ संस्था तथा नागरिक समाजका प्रतिनिधिहरु, नेपाल प्रहरीका साथै उपत्यकाका तिनवटै जिल्लाका स्थानीय तहका उपप्रमुख, उपाध्यक्ष, महिला विकास अधिकृत र संविधान सभाका सदस्यहरुबीच मस्यौदा प्रतिवेदनमाथि छलफल गरि सुझाव संकलन गरेको थियो ।

## ५.३ विषय-विज्ञहरूसंग छलफल कार्यक्रम

| मिति | प्रदेश | स्थान | सहभागी |
|---|---|---|---|
| २०७७ फाल्गुन २ | बागमती | काठमाडौं | १८ |




राष्ट्रिय महिला आयोगले २०७७ फाल्गुन २ गते माननीय अध्यक्ष कमला कुमारी पराजुलीको अध्यक्षतामा वैदेशिक रोजगार क्षेत्रमा कार्यरत विषय विज्ञहरुसँग छलफल कार्यक्रम संचालन गऱ्यो । उक्त कार्यक्रममा आयोगका माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा र माननीय सदस्य विद्या कुमारी सिन्हाको विशेष

उपस्थिति रहेको थियो । आयोगमा पदाधिकारीहरुको नियुक्ति पछिको पहिलो विषय विज्ञहरुसँगको छलफलमा आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीले महिलाको हक हितमा एक जुट भई काम गर्न यस्ता कार्यक्रमहरु उपयुक्त रहेको बताउनु भयो ।

कार्यक्रममा आयोगको क्रियाकलाप र गतिविधिहरुबारे आउने दिनहरुमा गर्न सकिने कार्यका विषयमा छलफल भयो । कार्यक्रममा महामारीका  समयमा वैदेशिक रोजगारीमा जाने नेपाली महिलाहरुले भोगेका चुनौती र तिनका उद्धार र संरक्षणमा खटिएका संस्थाहरुका प्रतिनिधिहरुसँग सघन छलफल भएको थियो । यस्ता चुनौतीसँग  लड्न महिलाको हक हितको बारे काम गर्ने सबै संस्था र निकायबीच समन्वय सुदृढ गर्नुपर्ने विषयमा सुझाव प्राप्त भएको थियो । सिड समितिका उपाध्यक्ष बन्दना राणा, वरिष्ठ पत्रकार बबिता बस्नेत लगायतका विज्ञहरुका साथै वैदेशिक रोजगारीको क्षेत्रमा कार्य गरिरहेका विज्ञहरुले महिलाहरुका लागि वैदेशिक रोजगारीलाई कसरी सुरक्षित र सहज बनाउन सकिन्छ भन्ने विषयमा सल्लाह सुझाव दिनुभएको थियो ।

| **मिति** | **प्रदेश** | **स्थान** | **सहभागी संख्या** |
|---|---|---|---|
| २०७७ फाल्गुन ४ | बागमती | काठमाडौँ | १२ |



आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीको अध्यक्षतामा २०७७ फाल्गुन ४ गते आयोगको भुमिकालाई के कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने बारेमा विषय विज्ञहरुसँग छलफल कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यक्रममा आयोगका माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा र माननीय सदस्य विद्या कुमारी सिन्हाको विशेष उपस्थिति रहेको थियो भने माननीय विन्दा पाण्डे, माननीय डा. विमला राई पौड्याल र माननीय विद्या भट्टराईले महिलाको हक, हित र महिला हिंसा निवारणका लागि आयोगले खेल्न सक्ने भूमिकाका बारेमा सल्लाह र सुझाव दिनु भएको थियो । उहाँहरुले आयोगको भूमिका वृहत् रहेको र आयोगले आफ्नो कार्यलाई प्राथमिकीकरण गरेर मात्र अघि बढ्नुपर्ने कुरामा जोड दिनुभयो ।

## ५.४ महिला सहकारीहरुसँग लैङ्गिक हिंसा निवारण र सशक्तीकरण विषयक अन्तरक्रिया कार्यक्रम

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७ माघ २६ | बागमती | धादिङ्ग | ४३ |




राष्ट्रिय महिला आयोगले २०७७ माघ २६ गते गजुरी गाउँपालिकामा महिला सहकारीहरुसंग लैङ्गिक हिंसा निवारण र सशक्तीकरण बिषयक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको थियो ।

छलफलमा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरु

- स्थानीय तहबाट महिला विकास कार्यक्रमहरुको निरन्तरता नभएको
- महिला सहकारी संस्थाहरुलाई सामाजिक परिचालनमा सहयागीको रुपमा नहेरी नाफामूलक संस्थाको रुपमा मात्र लिएको,
- लैङ्गिक हिंसा न्यूनीकरणमा संस्थाहरुले सहयोग गर्ने गरेको तर न्यायिक समितिसँग समन्वयको अभाव रहेको,
- लैङ्गिक हिंसा न्यूनीकरणका लागि निगरानी समूह गठन भएको तर क्षमता अभिवृद्धि हुन नसकेको,
- गजुरी गाँउपालिकाले महिलाहरुका लागि गरेका विशेष कार्यक्रमहरु सञ्चालन गरिएको जस्तै सुत्केरी, गर्भवतीका लागि एम्बुलेन्स तथा आराम कक्ष तथा आयआर्जनका विभिन्न कार्यक्रम सञ्चालनमा ल्याएकोले नमुनाको रुपमा रहेको,
- स्थानीय तहले विकास निर्माणको कार्यमा जोड दिएको तर महिला विकासका लािग चासो नदेखाएको । विगतमा महिला तथा अन्य वर्गको लागि विशेष कार्यक्रम छुट्याउन बाध्यकारी व्यवस्था थियो हाल त्यस्तो व्यवस्था नरहेको,
- राष्ट्रिय महिला आयोगले महिला हिंसा तथा महिला सशक्तीकरणसम्बन्धी वहस सबै वडा तथा गाँउपालिका तथा नगरपालिकामा चलाउनु पर्ने,
- खबर गरौं ११४५ हेल्पलाइनको बारेमा जानकारी दिनु पर्ने,
- जिल्लामा विगतमा महिला तथा बालबालिका कार्यालयले सञ्चालन गरेका जस्ता कार्यक्रमको माग भएको ।

## ५.५ १११ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा बालिकामाथि हुने यौनजन्य दुर्व्यवहार र यौन हिंसाको कारण, चुनौती र समस्या समाधानका उपाय विषयक विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता



राष्ट्रिय महिला आयोगले माननीय अध्यक्ष कमला कुमारी  पराजुलीको अध्यक्षता र माननीय कृष्ण कुमारी पौडेल खतिवडा र माननीय सदस्य विद्या कुमारी सिन्हाको विशेष उपस्थितिमा २०७७ फाल्गुन १३ गते १११ औँ अन्तर्राष्ट्रिय महिला दिवसको उपलक्ष्यमा बालिकामाथि हुने यौनजन्य दुर्व्यवहार र यौन हिंसाको कारण, चुनौती र समस्या समाधानका उपाय विषयक विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता सञ्चालन गऱ्यो । काठमाडौं, ललितपुर, र भक्तपुर जिल्लाका ११ सामुदायिक विद्यालयबाट २२ जना विद्यार्थीहरुले आफ्नो वक्तृत्वकला प्रस्तुत गरे ।कार्यक्रमका निर्णायक मण्डलमा रत्नराज्य क्याम्पसका उपप्रध्यापक डा. बिन्दु शर्मा, पूर्व सहसचिव ऋतुराज भण्डारी, वरिष्ठ पत्रकार बबिता बस्नेत हुनुहुन्थ्यो ।

कार्यक्रममा हरेक विद्यालयबाट एक छात्र र एक छात्राको सहभागिता थियो र हरेक सहभागीलाई ६ मिनट समय उपलब्ध गराइएको थियो । विषयमा राम्रो ज्ञान र आकर्षक प्रस्तुति गरी दर्शक तथा निर्णायक मण्डलको मन जित्न सफल कार्यक्रमका विजेताहरु यस प्रकार रहे:

- प्रथम स्थान:जस्मिन भुजेल, कक्षा १०, पद्मकन्या मा. वि., डिल्लीबजार
- दोस्रो स्थान:करुणा बुढाथोकी, कक्षा १२, सैनिक आवसीय विद्यालय, भक्तपुर
- तेस्रो स्थान:समीर गिरी, कक्षा १०, विश्वामित्र मा वि, ललितपुर
- सान्त्वना:सौरभ पौडेल, कक्षा १२, सैनिक आवसीय विद्यालय, भक्तपुर

प्रतियोगिताका विजेताहरुलाई प्रथम, दोस्रो, तेस्रो, र सान्त्वना स्थानमा नगद पुरस्कार रु २०,०००, रु १५,००० रु १०,००० र रु ५,००० प्रदान गरिएको थियो । विजेताहरुलाई राष्ट्रिय महिला आयोगको १९ औँ वार्षिकोत्सव (२०७७ फाल्गुन २३ गते) को दिन माननीय महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्री जुली कुमारी महतोको हातबाट पुरस्कृत गरिएको थियो ।

## ५.६ लिभिङ्ग टुगेदर, यौनिक हिंसा वैदेशिक रोजगार आदि जस्ता महिला हिंसा सम्बन्धी समसामयिक विषयमा विभिन्न सरोकारवालाहरुबीच जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रम

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७ माघ २२ | बागमती | दोलखा | ६३ |
| २०७७ चैत्र १२ | लुम्बिनी | रुपन्देही | ७२ |




राष्ट्रिय महिला आयोगले लिभिङ्ग टुगेदर, यौनिक हिंसा वैदेशिक रोजगारीजस्ता महिला हिंसा सम्बन्धी समसामयिक विषयमा विभिन्न सरोकारवालाहरुबीच जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रम दोलखा जिल्लाको भीमेश्वर नगरपालिकामा २०७७ माघ २२ गते र रुपन्देही जिल्लाको भैरहवामा २०७७ चैत्र १२ गते सञ्चालन गरेको थियो । भैरहवाको कार्यक्रमको अध्यक्षता राष्ट्रिय महिला आयोगको माननीय अध्यक्ष कमला कुमारी पराजुलीले गर्नु भएको थियो । उक्त कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुखको साथै विभिन्न महानगरपालिका, नगरपालिका तथा गाँउपालिकाका उप प्रमुखहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा अध्यक्षले वैदेशिक रोजगारी र लिभिङ्ग टुगेदरका कारणले धेरै महिलाहरु हिंसाका शिकार हुनु परेको, साथै लैङ्गिक हिंसाका नयाँ स्वरुपहरुको कारण महिलाहरु थप हिंसामा परेको बताउनु भयो ।

छलफलमा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरु

- सचेतनाका कार्यक्रम केन्द्रमा मात्र हैन गाउँगाउँमा पुर्‍याउन जरुरी छ,
- घरेलु हिंसा, राजनीतिक हिंसा लगायतका हिंसा सामाजिक सञ्जालका कारणबाट हुने गरेको,
- बलात्कारका घटना, वहुविवाह जस्ता विभिन्न कारणबाट महिलामाथि हुने हिंसा विद्यमान रहेको,
- कानूनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा हिंसा पीडित महिला तथा बालबालिकाको न्यायमा सहज पहुँच हुन नसकेको,
- वैदेशिक रोजगारीका कारणबाट महिलामाथि हुने हिंसा धेरै रहेको,
- महिला र पुरुषबीच रहेको असमान व्यवहार र पितृसत्तात्मक सोचको अन्त्य हुन नसक्दा हिंसा व्याप्त रहेको,
- हिंसा न्यूनीकरणका लागि सबै सरोकारवालाले अभियान चाल्नुपर्ने तथा महिलालाई घर समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउनु पर्ने,

- सबै स्थानीय निकायहरूले आ-आफ्ना पालिकाहरूमा महिला हिंसा विरुद्धमा सिर्जनशील कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने,
- सचेतनाका कार्यक्रमहरू सञ्चालन गर्दा महिला प्रतिनिधिहरूलाई पनि उल्लेखनीय संख्यामा सहभागी गराउनु पर्ने ।

## ५.७ महिलासम्बन्धी नीति तर्जुमा तथा विद्यमान नीतिहरूको कार्यान्वयन तथा सुधारको सम्बन्धमा पाँचथर जिल्लाको स्थानीय निकाय तथा अन्य सरोकारवालाहरुबीच अन्तरक्रिया कार्यक्रम

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७ फाल्गुन १७ | १ | पाँचथर | ९० |

आयोगका माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडाको अध्यक्षतामा मिति २०७७ फाल्गुन १७ गते पाँचथर जिल्लामा महिला सम्बन्धी नीति तर्जुमा तथा विद्यमान नीतिहरुको कार्यान्वयन तथा सुधारको सम्बन्धमा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरियो ।



छलफलमा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरु

- ✓ स्थानीय तहका उपप्रमुख , योजना अधिकृत, महिला विकास अधिकृतहरुलाई नीति निर्माण सम्बन्धमा तालिम दिनुपर्ने, क्षमता विकासका लागि बेला बेलामा अभिमुखीकरण गरिरहनु पर्ने,
- ✓ उपप्रमुखहरुले स्थानीय तहमा महिला प्रतिनिधित्व संख्या मात्र बढाइएको तर आफ्नो भनाइहरुलाई नेतृत्ववर्गले संवेदनशिल रुपमा नलिने गरेको कुरा व्यक्त गर्नुभयो,
- ✓ महिला सम्बन्धी अन्तराष्ट्रिय सन्धी सम्झौताको बारेमा स्थानीय तहलाई जानकारी गराउन अभिमुखीकरण गर्नुपर्ने,
- ✓ हिंसा निवारणका लागि आर्थिक सशक्तीकरण अनिवार्य शर्त भएकोले आयोगले क्षमता अभिवृद्धि गर्न निश्चित जिल्ला छनौट गरी कार्य गर्नुपर्ने,
- ✓ स्थानीय निकायका जनप्रतिनिधि तथा कर्मचारीहरूलाई नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताबाट सृजित दायित्वबारे अभिमुखीकरण गर्न माग गरिएको,
- ✓ नागरिकताविहीन नागरिकहरुलाई आमाको नामबाट सहज रूपमा नागरिकता वितरण गरिदिन सुझाव प्राप्त भएको,

- ✓ महिलाहरुको प्रतिनिधित्व बढाउने मात्र नभएर उनीहरुलाई नेतृत्वदायी भूमिका खेल्न सक्नेगरी तयार गरिनुपर्ने,
- ✓ स्थानिय तहमा नीति तर्जुमामा संलग्न कर्मचारी र जनप्रतिनिधिहरुलाई क्षमता अभिवद्धिको तालिमको आवश्यकता रहेको,
- ✓ स्थानीय तहका नगरपालिका प्रमुख र गाँउपालिका अध्यक्ष र वडा अध्यक्षहरुलाई लैङ्गिक समानताको विषयमा अभिमुखीकरणको आवश्यकता रहेको ।

## ५.८ पत्रकारहरुसँगको अन्तरक्रिया कार्यक्रम

| मिति | प्रदेश | स्थान | सहभागी |
|---|---|---|---|
| २०७७ फाल्गुन १९ | बागमती | काठमाडौं | ३६ |



राष्ट्रिय महिला आयोगले १११ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा आयोगको गतिविधिबारे पत्रकार हरुसँग अन्तरक्रिया कार्यक्रम सञ्चानल गरेको थियो जसको अध्यक्षता राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीले गर्नु भएको थियो । उक्त कार्यक्रममा पदाधिकारीहरुको नियुक्ति पश्चात् आयोगको सक्रियता देखिएको र आगामी दिनमा आयोगले महिला हक हितको क्षेत्रमा अझ प्रभावकारी तवरले काम  गर्ने विश्वाश पत्रकारहरुले व्यक्त  गर्नु भएको थियो ।

## ५.९ राष्ट्रिय महिला आयोगको १९ औं वार्षिकोत्सवको समारोह

| मिति | प्रदेश | स्थान | सहभागी |
|---|---|---|---|
| २०७७ फाल्गुन २३ | बागमती | काठमाडौं | २६५ |



राष्ट्रिय महिला आयोगको १९ औं वार्षिकोत्सवको समारोह काठमाण्डौंको रसियन कल्चर सेन्टरमा २०७७ फाल्गुन २३ गते सम्पन्न भएको थियो । कार्यक्रमको प्रमुख अतिथि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री जुलीकुमारी महतो हुनुहुन्थ्यो ।

समारोहमा विभिन्न आयोगका पदाधिकारीहरु, मन्त्रालयका प्रतिनिधिहरु, साझेदार तथा अन्य संघ संस्थाहरुका प्रतिनिधिहरु, नेपाल प्रहरी, तथा पत्रकारहरुको उपस्थिति थियो । उक्त समारोहमा विशेष अतिथि महिलाअधिकारकर्मी तथा साहित्यकार भद्राकुमारी घले र अभियन्ता मुस्कान खातुनलाई माननीय मन्त्री जुलीकुमारी महतोबाट  सम्मान गरिएको थियो भने फाल्गुन १३ गते सञ्चालित विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिताको विजेताहरुलाई पनि उक्त समारोहमा पुरस्कृत गरिएको थियो ।

कार्यक्रममा विशेष अतिथि पूर्व मन्त्री तथा माननीय प्रतिनिधि सभा सदस्य थममाया थापा, संविधानसभा सदस्य उमा रेग्मी र प्रमुख अतिथि माननीय मन्त्री जुलीकुमारी महतोले मन्तव्य राख्नु भएको थियो । आयोगको तर्फबाट आयोगका माननीय सदस्य विद्या कुमारी सिन्हाले स्वागत मन्तव्य, माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडाले धन्यवाद ज्ञापनसहित मन्तव्य राख्नु भएको थियो भने आयोगका माननीय अध्यक्षबाट मन्तव्यसहित कार्यक्रम समापन भएको थियो ।

### ५.१० लैङ्गिक सरोकारका विषयमा विभिन्न सरोकारवाला निकायहरुसँग समन्वयात्मक बैठक

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७ फाल्गुन २६ | बागमती | काठमाण्डौं | ३८ |



राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीको अध्यक्षतामा २०७७ फाल्गुन २६ गते लैङ्गिक सरोकारका विषयमा विभिन्न सरोकारवाला निकायहरुसँग समन्वयात्मक बैठक आयोगको सभाहलमा सञ्चालन गरिएको थियो । उक्त कार्यक्रममा आयोगका माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा, माननीय सदस्य विद्या कुमारी सिन्हाका साथै विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

छलफलमा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरु

- मनोरञ्जन क्षेत्रमा काम गर्ने महिलाहरुको हक हितको लागि आयोगले पहल गर्नुपर्ने,
- लैङ्गिक हिंसा नियन्त्रणार्थ विभिन्न सरकारी निकायसँग समन्वयमा जोड दिने,
- न्यायिक समितिको क्षमता अभिवृद्धि गर्नुपर्ने,
- हिंसा प्रभावितहरुको राष्ट्रिय तथ्यांकको लागि आवश्यक पहल गर्नुपर्ने,
- लैङ्गिक हिंसा घटनामा तथ्यगत अनुगमनमा जोड दिनुपर्ने,
- महिलसँग सम्बन्धित कार्यान्वयनयोग्य नीति र सिफारिसमा जोड दिनुपर्ने ।

## ५.११ एसडीजी स्थानीयकरणका माध्यमबाट नेपालमा महिलाको मानव अधिकारको बोध गर्न लैङ्गिक सम्पर्क व्यक्ति (GFPs) को भूमिका

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७ चैत्र ४ | बागमती | काठमाडौँ | ४१ |

एसडीजी स्थानीयकरणका माध्यमबाट नेपालमा महिलाको मानव अधिकारको बोध गर्न लैङ्गिक सम्पर्क व्यक्ति **(GFPs)** को भूमिका विषयक कार्यक्रम राष्ट्रिय महिला आयोग र बियोण्ड बेइजिङ्ग कमिटी (बिबिसी) नेपालले संयुक्त रुपमा २०७७ चैत्र ४ गते सञ्चालन गरियो ।



कार्यक्रममा आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुली, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव यम कुमारी खतिवडा र बिबिसीबाट शान्ता लक्ष्मी श्रेष्ठले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा गृह मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, शहरी विकास मन्त्रालय, रक्षा मन्त्रालय, खानेपानी मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, कृषि तथा

पशुपन्छी विकास मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, मुस्लिम आयोग, समावेशी आयोग, कानून आयोग, थारु आयोग, आदिवासी जनजाति आयोग आदिबाट ४१ जनाको सहभागिता रहेको थियो ।

छलफलमा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरु

- महिला अधिकार र एसडीजीमा लैङ्गिक सम्पर्क बिन्दुहरुको अहं भूमिका रहेको,
- लैङ्गिक सम्पर्क बिन्दुहरुलाई विभिन्न विषयहरुमा तालिम प्रदान गर्नु पर्ने,
- लैङ्गिक सरोकारको विषयमा नियमित रूपमा छलफल /अन्तर्क्रिया सञ्चालन गर्नुपर्ने ।

## ५.१२ महिलाको न्यायमा पहुँच सम्बन्धमा सरोकारवाला निकाय, न्यायिक निकायहरुसँग अन्तर्क्रिया कार्यक्रम

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७ चैत्र ९ | सुदूर पश्चिम | कञ्चनपुर | ५० |

राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीको अध्यक्षतमा आयोजित उक्त कार्यक्रममा उप प्रमुख, प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, उच्च अदालतका स्रेस्तेदारका साथै विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेका थियो ।




छलफलमा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरु

- महिलाको न्यायमा पहुँच पुऱ्याउनको लागि अन्तर निकाय समन्वय अति आवश्यक रहेको,
- जनशक्ति व्यवस्थापन र जनशक्ति तालिमका लागि बजेटको व्यवस्था हुनुपर्ने,
- तीन तहका अदालत र स्थानीय स्तरमा न्यायिक निकाय वा विवाद समाधानका वैकल्पिक उपाय अवलम्बन गर्न आवश्यकता अनुसार अन्य निकायको गठन गर्न सकिने व्यवस्था गर्ने,
- महिला हिंसा न्यूनीकरणमा आ-आफ्नो क्षेत्रमा थालनी गरेका असल अभ्यासहरुको अनुभव आदान प्रदान गर्ने,

- लैङ्गिक हिंसा नियन्त्रण गर्नका लागि चाल्नुपर्ने कदमहरु र आगामी दिनमा आयोग र स्थानीय निकायले मिलेर सहकार्य गर्ने ।

## ५.१३ समाजमा विद्यमान रहेका हानिकारक अभ्यासहरू (बालविवाह, बहुविवाह, दाइजोप्रथा, बोक्सीको आरोप लगायतका प्रथाहरु) सम्बन्धमा अन्तरक्रिया कार्यक्रम

| मिति | प्रदेश | स्थान | सहभागी |
|---|---|---|---|
| २०७७ चैत्र १० | सुदूर पश्चिम | कैलाली | ७२ |

राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीको अध्यक्षतमा आयोजित उक्त कार्यक्रममा उपप्रमुख, प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, प्रहरी प्रमुखका साथै विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । कार्यत्रमको प्रमुख अतिथि सुदूरपश्चिम प्रदेशको माननीय सामाजिक विकास मन्त्री कृष्णराज सुवेदी  र विशेष अतिथिमा संघीय प्रहरी कार्यालय धनगढीका प्रमुख प्रहरी वरिष्ठ उपरिक्षक नलप्रसाद उपाध्याय र राष्ट्रिय मानव अधिकार आयोगका प्रदेश प्रमुख मोहन देव उपाध्याय हुनुहुन्थ्यो ।




छलफलमा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरु

- राष्ट्रिय महिला आयोगले यस्ता किसिमका कार्यक्रमहरु हरेक स्थानिय तहसम्म लैजानुपर्ने,
- धेरैजसो हिंसाको कारक तत्व मादक पदार्थ र लागु पदार्थ हुने भएको यस्ता पदार्थहरुलाई निषेधित गरिदिनुपर्ने,
- महिला केन्द्रित कार्यक्रमहरुमा पुरुष सहभागितालाई पनि जोड दिएमा कार्यक्रम प्रभावकारी हुने र पुरुषको पनि सचेतनामा वृद्धि हुने,
- महिलाका सवाल उठान गर्नका लागि सञ्चारकर्मीको ठूलो भूमिका रहेको र महिला सम्बन्धित लेखहरुलाई प्रकाशनार्थ बढी प्राथमिकता दिनुपर्ने,
- बलात्कारविरुद्ध सशक्त अभियान नै चलाउनुपर्ने र बलात्कारीलाई कडा भन्दा कडा सजाय दिनुपर्ने र कारवाहीमा राजनीतिकरण गर्न नहुने ।

## ५.१४ लैङ्गिक हिंसा सम्बोधनमा राष्ट्रिय महिला आयोग र राष्ट्रिय मानव अधिकार आयोगको भूमिका विषयक छलफल कार्यक्रम




२०७७ चैत्र २० गते आयोजित उक्त कार्यक्रममा राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीले कार्यक्रमको अध्यक्षता गर्दै आफ्नो मन्तव्य राख्नु भएको थियो । मन्तव्यको क्रममा उहाँले महिलाको हक हितको लागि धेरै कानून बनेको भएतापनि कार्यान्वयन पक्षमा जोड दिनु पर्ने कुरा बताउनुभयो । यसको साथै उहाँले अझै पनि महिला  तथा बालिकामाथि विभिन्न प्रकारका हिंसाहरु भईरहेको र हिंसा न्यूनीकरण र सम्बोधनका लागि निरन्तर लाग्ने कुरामा प्रतिबद्धता समेत व्यक्त गर्नुभयो ।

## ५.१५ स्थानीय तहमा न्यायिक समिति तथा पदाधिकारीहरुबीचलैङ्गिक हिंसा निवारणका असल अभ्यासविषयक अन्तरक्रिया कार्यक्रम

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७ चैत्र २८ | बागमती | चितवन | ७४ |




राष्ट्रिय महिला आयोगका माननीय सदस्य कृष्ण कुमारी खतिवडाको अध्यक्षतमा आयोजित उक्त कार्यक्रममा उप प्रमुख, प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुखका साथै विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेका थियो । माननीय  कृष्ण कुमारी पौडेल खतिवडाले राष्ट्रिय महिला आयोगको काम कर्तव्य अधिकार र आगामी कार्यदिशा, प्रदेशस्तरसम्म आयोगको कार्यालय विस्तार, जिल्ला र स्थानिय तहसम्म समन्वय र सहकार्यका सम्भावनाको विषयमा  महत्वपुर्ण प्रस्तुती राख्नु भएको थियो ।

- स्थानिय तहले लैङ्गिक हिंसा निवारणका सर्न्दभमा हासिल गरेका प्रमुख उपलब्धिहरु र थालनी गरेका असल अभ्यासहरुलाई संस्थागत गरी भविष्यमा निर्वाचित भै आउने जनप्रतिनिधिहरुले समेत त्यसलाई निरन्तरता दिएर महिला हिंसा नियन्त्रणमा दिगो योगदान पुऱ्याउन आवश्यक छ।
- न्यायिक समितिको सदस्यहरुको गहन जिम्मेवारी रहेकोले त्यसको लागि पुर्व तयारीको जरुरत रहेको। सबै सदस्यहरुको योग्यता र क्षमता एक समान नहुँदा क्षमता अभिवृद्धिको लागि निरन्तर तालिमको आवश्यक्ता रहेको छ जसको पहल राष्ट्रिय महिला आयोगले गर्न सक्दछ।
- स्थानीय तहमा हिंसा पीडित महिला तथा बालबालिकाहरुको लागि सुरक्षित आवासको आवश्यता रहेको, महिला हिंसा न्युनिकरणको शिलशिलामा सवै निकायबीच सहकार्य र समन्वय आवश्यक रहेको।
- नागरिकता सम्वन्धि कानून विरोधाभाषपूर्ण रहेको, कानुनी अस्पष्टताको कारण तथा कागजातहरुको अभावमा पीडितहरुले धेरै समस्याको सामना गर्नु परेकोले यस्ता समस्याहरुको न्यूनिकरणका लागि महिला आयोगले पहल गर्नु पर्ने देखिन्छ।
- जातिय भेदभाव कानुनी रुपमा मात्र नभै व्यवहारिक रुपमा नै अन्त्य गर्न राष्ट्रिय महिला आयोगले सबै तहमा आवश्यक पहल गर्न जरुरी छ। यो कुरा आयोगको प्राथमिकतामा पर्नु पर्दछ।
- कानुनमा क्षतिपुर्ति पाउने व्यवस्था भए पनि व्यवहारमा पीडितले क्षतिपूर्ति पाउन सकेका छैनन्। क्षतिपूर्ति दिलाउन सहज र स्पष्ट कानुन बनाउन र त्यसको तत्काल कार्यान्वयन गर्न पनि जरुरी छ।

### ५.१६ महिला सशक्तीकरण एवं लैङ्गिक मुलप्रवाहीकरणका सम्बन्धमा विगतमा भए गरेका असल प्रयासहरुबारे केन्द्र, प्रदेश र स्थानीय तहमा अधिवाचन छलफल तथा अन्तरक्रिया कार्यक्रम

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७ चैत्र २९ | २ | सर्लाही | ९० |

माननीय सदस्य विद्या कुमारी सिन्हाको अध्यक्षतामा आयोजित कार्यक्रममा विभिन्न मन्त्रालय तथा संस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।



छलफलमा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरु

- महिला सशक्तीकरणको कार्यक्रममा महिलालाई सीप सिकाउने भन्दा पनि जनचेतना जगाउने, चेतनास्तर वृद्धि गर्ने किसिमको कार्यक्रम ल्याउनुपर्ने,
- महिलाको न्यायमा पहुँच स्थापनाका लागि महिलालाई प्रहरीसम्म पुग्ने सहज वातावरण तयार गर्नुपर्ने,
- प्रहरी, राष्ट्रिय महिला आयोग र सामाजिक संघसंस्था महिलाको मुद्दामा संवेदनशील हुन आवश्यक रहेको ।

## ५.१७ लैङ्गिक सम्पर्क विन्दुहरुसँगको अन्तर्क्रिया कार्यक्रम

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७ चैत्र ३१ | २ | धनुषा | ६० |



छलफलमा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरु

- नेपालले सन् २०२२ मा सिड समितिमा प्रतिवेदन पेश गर्दा नेपालको भौगोलिक धरातल हेरेर महिलाको हक हितको प्रस्तावलाई अगाडि सानुपर्ने कुरामा जोड दिने,
- महिलाकोलागि हित हुने नीति नियम बनाउँदा प्रदेश २ लाई मध्यनजर गरी बनाउन आवश्यक रहेको,
- महिला हिंसा पश्चात् महिला पुनःस्थापना र सामाजिकीकरणका लागि पहल गर्ने ।

## ५.१८ अपाङ्गता भएका महिलाहरुको अधिकार संरक्षणका विषयमा सरोकारवाला निकायबीच अन्तरक्रिया कार्यक्रम

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७८ वैशाख ६ | बागमती | काठमाडौँ | ३१ |



राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीको अध्यक्षतामा र माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडाको उपस्थितिमा नेपाल अपाङ्ग महिला संघको संयोजकत्वमा कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त कार्यक्रममा आयोगको तर्फबाट आयोगका सचिव मनोज कुमार आचार्यले आयोगको कार्यक्षेत्र र आयोगबाट भईरहेका प्रमुख कर्यहरुको सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने नेपाल अपाङ्ग महिला संघको तर्फबाट अध्यक्ष टीका दाहालले अपाङ्गता भएका महिलाहरुका चुनौतीका बारे प्रस्तुतिराख्नुक भएको थियो । उक्त अन्तरक्रियामा अपाङ्गता भएका महिला तथा बालबालिकाहरुले भोग्दै आएका चुनौती तथा आवश्यक नीतिबारे विस्तृत छलफल भएको थियो ।

आयोगका माननीय अध्यक्षले महिलाहरुभित्र पनि अपाङ्गता भएका महिलाहरु अझ बढी सामाजिक, मानसिक तथा यौन दुर्व्यहारबाट पीडित हुनु परेकोमा जोड दिदैं नेपालले सिड (CEDAW) समितिलाई बुझाएको छैटौं प्रतिवेदन उपर समितिले दिएको सुझावहरुमा अन्तरवर्गीय विभेदहरुको न्यूनीकरणका लागि अपाङ्गता भएका महिलाहरुको विषयलाई पनि विशेष स्थान दिनुपर्ने विषय पनि रहेको कुरा बताउनुभयो । माननीय सदस्य कृष्ण कुमारी पौडेलले आयोगले अपाङ्गता भएका महिलाहरुको हक अधिकार संरक्षणका लागि आवश्यक पहल जारी राख्ने कुरामा जोड दिनुभयो ।

**छलफलमा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरु**

- आयोगको आगामी पञ्चवर्षीय रणनीतिमा अपाङ्गता भएका महिलाहरुको हक अधिकार संरक्षण सम्बन्धी नीतिगत विषय समावेश गर्नुपर्ने ।
- आयोगमा अपाङ्गता भएका महिलाको मुद्दा सम्बोधन गर्न लागि छुट्टै किसिमका कार्यक्रम हुनुपर्ने र उनीहरुलाई जन्मदर्ता र नागरिकता प्राप्तिमा सहजीकरण गरिदिनु पर्ने ।
- अपाङ्गता भएका महिलाहरुको क्षमता अभिवृद्धिका लागि सरोकारवाला निकायहरुमा पहल गरिदिन आयोगले सिफारिस गरिदिनु पर्ने ।
- अपाङ्गता भएका महिलाहरुलाई सबै निकायहरुमा समावेशिताको सिद्धान्त अनुरुप समावेश गरी विकासको मूलधारमा ल्याउनका लागि पहल हुनुपर्ने ।

- अपाङ्गता भएका महिलाहरुको अधिकार संरक्षणका लागि राज्य लगायत सबै व्यक्ति, वर्ग संवेदनशील हुनुपर्ने ।
- अपाङ्गता भएका महिलाहरुका लागि प्रत्यक्ष रुपमा स्वास्थ्य, शिक्षा तथा दैनिकी सहजीकरणका लागि ठोस नीति तथा कार्यक्रम ल्याउनका लागि आयोगबाट पहल गरिदिन आग्रह ।

## ५.१९ प्रजनन स्वास्थ्य अधिकार कार्य समूह (RHRWG) को बैठक

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७८ बैशाख ७ | बागमती | काठमाडौं | १४ |

राष्ट्रिय महिला आयोगको माननीय अध्यक्ष कमला कुमारी पराजुलीको अध्यक्षता र माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा र आयोगका सचिव मनोज कुमार आचार्यको उपस्थितिमा आयोजित भएकोउक्त बैठकमा कार्य समूहले सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन,२०७५ र नियमावली, २०७७ को प्रभावकारी कार्यान्वयनमा राष्ट्रिय महिला आयोग समेतको समन्वयमा के कस्ता क्रियाकलापहरु अघि बढाउन उपयुक्त हुन्छ भन्ने विषयमा छलफल गरिएको थियो ।

## ५.२० राष्ट्रिय महिला आयोगको चौमासिक क्रियाकलापका सम्बन्धमा पत्रकारहरुसँगको अन्तर्क्रिया कार्यक्रम

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७८ वैशाख ८ | बागमती | काठमाडौं | २६ |




राष्ट्रिय महिला आयोगको चौमासिक क्रियालापका सम्बन्धमा पत्रकारहरुसँगको अनतर्क्रिया कार्यक्रमको अध्यक्षता माननीय अध्यक्ष कमला कुमारी पराजुलीले गर्नुभएको थियो । उक्त कार्यक्रममा माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडाको  विशेष उपस्थिति रहेको थियो ।

कार्यक्रममा आयोगका सचिव श्री मनोज कुमार आचार्यले स्वागत तथा कार्यक्रमको उदेश्यमाथि प्रकाश पार्नु भएको थियो । माननीय अध्यक्ष  कमला कुमारी पराजुलील आयोगबाट विगत चार महिनाको अवधिमा भएका सघन गतिविधि तथा आगामी कार्यदिशाको बारेमा प्रस्तुति राख्नु भयो । प्रस्तुतीमा माननीय अध्यक्षले २०७७ सालमा प्रदेश ६ बाहेक अरु सबै प्रदेशहरुका २१ जिल्लामा कार्यक्रम सम्पादन गरेको जानकारी दिनुभयो । त्यस बाहेक आयोगबाट विभिन्न चेतना तथा जागरणमुलक कार्यक्रम सञ्चालन गरिएको, विभिन्न विषयमा अध्ययन, अनुसन्धान अघि बढाईएको तथा अनुगमन र उजुरी सम्बोधनका सम्बन्धमा भएका कार्यहरु बारे प्रकाश पार्नुभयो । उहाँले ११४५ हेल्पलाइनमा आएका उजुरी अनि कलको तथ्यांक पनि प्रस्तुत गर्नु भयो ।

माननीय सदस्य कृष्ण कुमारी खतिवडाले धन्यवाद ज्ञापन गर्दै आयोगमा पदाधिकारीहरुले विभिन्न हिंसाका घटनाहरुको अनुगमन गर्नुभएको र आउने दिनमा महिलाहरुको हक हितका लागि आयोगले विभिन्न कार्यक्रमहरुलाई अघि बढाउने कुरा राख्नु भयो ।

## ५.२१ कोभिड-१९ को विश्वव्यापी महामारीको समयमा हुने निषेधाज्ञाको अवधिमा लैङ्गिक हिंसा रोकथाम एवं नियन्त्रणका लागि सरोकारवालाहरुबीच छलफल कार्यक्रम

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७८ वैशाख १५ | बागमती | काठमाडौं | २७ |




कोभिड-१९ को महामारीको दोस्रो चरणको संक्रमण रोकथाम र नियन्त्रणका सन्दर्भमा लागू भएको निषेधाज्ञाको अवधिमा लैङ्गिक हिंसा रोकथाम र नियन्त्रणका क्षेत्रमा आइपर्ने समस्याहरु र समाधानका उपायहरूबारे सम्बन्धित सरोकारवाला संस्थाका प्रतिनिधिहरूसँग २०७८ वैशाख १५ गते निषेधाज्ञाको समयमा लैङ्गिक हिंसाका घटनालाई रोकथाम तथा नियन्त्रण गर्ने सन्दर्भमा विभिन्न संघ संस्था र आयोगले खेल्नसक्ने भूमिकाका बारेमा सघन छलफल भयो ।

कार्यक्रमको अध्यक्षता महिला आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीले गर्नु भएको थियो भने माननीय सदस्य कृष्ण कुमारी खतिवडा र माननीय सदस्य विद्या कुमारी सिन्हाको उपस्थिति रहेको थियो ।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य  लिली थापाको पनि उपस्थिति थियो ।

आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीले बैठकको उद्देश्यमा प्रकाश पारी विभिन्न निकायबाट पाल्नु भएका व्यक्तित्वहरुलाई निषेधाज्ञाको समयमा राष्ट्रिय महिला आयोगले महिलामाथि हुने हिंसाको रोकथाम तथा नियन्त्रण कसरी प्रभावकारी रुपमा गर्न सक्छ भन्ने विषयमा सल्लाह सुझाव दिन उपस्थितलाई अनुरोध गर्नुभयो ।

कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गृह मन्त्रालय, वैदेशिक रोजगारी बोर्डका प्रतिनिधिहरुका साथै आयोगका साझेदार संस्थाहरु तथा  नागरिक समाजबाट विभिन्न संस्थाहरुको उपस्थिति थियो ।

बैठकमा उपस्थित सहभागीहरुले निषेधाज्ञाका समयमा लैङ्गिक तथा घरेलु हिंसाका घटना बढी संख्यामा घट्न सक्ने विगताका अनुभवबाट शिक्षा लिदैं रोकथामका लागि विभिन्नसल्लाह सुझाव दिनु भयो । मानव अधिकार आयोगका माननीय सदस्य लिली थापाले बैठक सही समयमा आयोजना भएको भन्दै इमर्जन्सी रेस्पन्स टिम परिचालन गर्नु पर्ने कुरामा जोड दिनु भयो । त्यसरी नै महिला तथा बालबालिकाको मानसिक, आर्थिक, तथा कानूनी समस्याको सहजीकरण गर्न सबै निकायहरुसँग राम्रो समन्वयको आवश्यकतामा पनि जोड दिनु भयो ।

महिला आयोगका माननीय सदस्य कृष्ण कुमारी खतिवडाले सङ्कटको समयमा सबै भन्दा समस्या महिलालाई नै हुने भएकोले हिजोको दिनमा जस्तो घटनाहरु नदोहोरी दिनका लागि गृह मन्त्रालयसँग आवश्यक सहयोगको लागि अनुरोध गर्नुभयो । अपाङ्गता भएका महिलाको संवेदनशील स्थितिलाई मध्येनजर गरी क्वारेन्टिन तथा आईसोलेसन सेन्टरको व्यवस्था गर्न पनि जरुरी भएको कुरा उहाँले राख्नुभयो ।

बैठकले आउने दिनहरुमा स्थानीय निकाय तथा अन्य सम्बन्धित निकायसँग अझै छलफलको आवश्यकता रहेको भन्दै विभिन्न लैङ्गिक हिंसा रोकथाम तथा सम्बोधनका लागि भएका हेल्पलाइनहरुको प्रचार प्रसारको आवश्यकता रहेको कुरामा जोड दिएको थियो ।


छलफलमा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरु

- निषेधाज्ञाका समयमा लैङ्गिक हिंसा पीडितहरुका लागि तत्काल उद्धार र राहत प्रदान गर्न  Emergency Response Team को गठन रा.म.आ, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नागरिक समाजका प्रतिनिधिहरु समावेश  गरी गर्नुपर्ने,
- सिमानामा रहेका क्वारेन्टिन तथा आईसोलेसन सेन्टरको उचित व्यवस्थापनको लागि नागरिक समाजसंग सहकार्य गर्नुपर्ने,
- सिमा नाकामा प्रवेश गर्ने महिला, बालबालिकाको उचित व्यवस्थाका लागि महिला प्रहरीहरुलाई खटाउने व्यवस्था गर्ने,
- महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई प्राथमिकताको साथ राहत,उद्धार र अन्य सेवाहरुमा प्राथमिकता दिनु पर्ने,
- महिला क्वारेन्टिन सेन्टरहरु, आईसोलेसन कक्षहरु, पुर्नस्थापना गृहहरुको सूचि तयार पार्ने र क्षमताको मूल्यांकन गर्ने,
- सूचना प्रवाहमा जोड दिने, सूचना प्रवाह स्थानीय भाषामा गरिनु पर्ने, Bulk sms मार्फत सूचना प्रवाह गर्न उपयुक्त हुने,

- फर्किन खोज्ने कामदारहरुका लागि WHO को प्रोटोकोलको पालना गरेर country of destination मा फर्किन सक्ने वातावरण मिलाउने,
- हेल्पलाइनलाई चुस्त र दुरुस्त राख्ने, सूची तयार गर्ने, काउन्सिलिङ्गको व्यवस्था गर्नुपर्ने,
- सेवाप्रदायक गैर सरकारी संस्थाहरुको लागि पासको सहज व्यवस्थापन गर्ने,
- उद्धार तथा राहतको क्षेत्रमा काम गर्ने संस्थाहरु (सरकारी तथा गैर सरकारी संस्थाहरु)को नामावली तयार गर्ने,
- कर्मचारीहरुका लागि आवश्यक सुरक्षाका उपायहरु अवलम्बन गर्ने,
- हिंसाका मुद्दा दर्ताका लागि प्राथमिकताका साथ पहल गर्ने,
- महिला तथा बालिकालाई PCR Test को व्यवस्था छिटो र छरितो रुपमा गर्ने,
- Justice in pandemic, सेल्टर सेवालाई अत्यावश्यक सेवामा समावेश गर्नुपर्ने,
- न्यायिक समितिहरुलाई सूचारु राख्न समन्वय र सहकार्य गर्ने ।

## ५.२२ निषेधाज्ञाको अवधिमा लैङ्गिक हिंसा रोकथामका सन्दर्भमा भइरहेका गतिविधि तथा सामना गर्न परिरहेका समस्या समाधानका सम्बन्धमा भर्चुअल अन्तर्क्रिया कार्यक्रम

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७८ वैशाख २४ | बागमती | काठमाडौं | ५२ |




२०७८ वैशाख २४ गते राष्ट्रिय महिला आयोगले कोभिड-१९ को महामारीको दोस्रो चरणको संक्रमण रोकथाम र नियन्त्रणका सन्दर्भमा लागू भएको निषेधाज्ञाको अवधिमा लैङ्गिक हिंसा रोकथाम र नियन्त्रणका क्षेत्रमा काम गर्दा आइपरेका समस्याहरु र समाधानका उपायहरूबारे सम्बन्धित सरोकारवाला संस्थाका प्रतिनिधिहरूसँग ZOOM मार्फत भर्चुअल अन्तर्क्रिया कार्यक्रम सञ्चालन गऱ्यो । आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीको अध्यक्षतामा आयोजित उक्त भर्चुअल अन्तर्क्रिया कार्यक्रममा निषेधाज्ञाको समयमा लैङ्गिक हिंसाका घटनालाई रोकथाम तथा नियन्त्रण गर्ने सन्दर्भमा विभिन्न संघ संस्थाबाट सञ्चालन भइरहेका

गतिविधिहरूबारेमा जानकारी आदान प्रदान हुनुका साथै यो अवधिमा सामना गर्नपरेका समस्या र सोको समाधानका लागि आयोगले खेल्नसक्ने भूमिकाका बारेमा सघन छलफल भएको थियो ।

आयोगका उप-सचिव मीरा शेरचनले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै बैठकमा सहभागी सबैलाई हार्दिक स्वागत गर्नुभएको थियो । आयोगका सचिव मनोज आचार्यले निषेधाज्ञाको पहिलो हप्तामा लैङ्गिक हिंसा नियन्त्रणका सम्बन्धमा आयोगबाट भएका प्रमुख कामहरूका बारे संक्षिप्त विवरण प्रस्तुत गर्नुभएको थियो ।

अन्तर्क्रिया कार्यक्रममा आयोगसँग सहकार्य गरिरहेका विभिन्न संघसंस्थाका प्रतिनिधिहरूका अतिरिक्त महिला हक अधिकारको क्षेत्रमा क्रियाशील विभिन्न संस्थाका प्रतिनिधिहरूले निषेधाज्ञाको अवधिमा लैङ्गिक हिंसामा परेका तथा अन्य पीडित महिला तथा बालबालिकाहरूलाई आ-आफ्नो संस्थाबाट सञ्चालित उद्धार, राहत, सुरक्षित आश्रयस्थल, मनोसामाजिक परामर्श, कानूनी उपचार सहायता लगायतका विषयमा प्रकाश पार्नुभएको थियो ।साथै, पीडितहरूलाई सहायता प्रदान गर्ने क्रममा भोग्नुपरेका अप्ठ्याराहरू र त्यसलाई समाधान गर्न आयोगको तर्फबाट हुनुपर्ने पहलका विषयमा समेत उहाँहरूले विचार राख्नुभएको थियो ।

आयोगका माननीय सदस्य कृष्ण कुमारी खतिवडाले कोभिड-१९ महामारीले महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, र यौनिक अल्पसंख्यकहरुलाई बढी प्रभावित बनाउने कुरा राख्नु हुँदै आयोगले सबैसँग समन्वय गरी कार्य गरिरहेको कुरा बताउनुभयो ।

कार्यक्रमको अन्त्यमा आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीले लैङ्गिक हिंसा नियन्त्रण र रोकथामको विषय आयोगको उच्च प्राथमिकताको विषय रहेको कुरा राख्नुहुँदै निषेधाज्ञाको अवधिमा लैङ्गिक हिंसाका घटना घट्न नदिन तथा कहीँ कतै त्यस्ता घटना घटिहालेमा त्यसलाई तत्काल सम्बोधन गर्न आयोग चनाखो रहेको कुरा बताउनुभयो । लैङ्गिक हिंसामा परेका पीडितहरूको तत्काल राहत र उद्धारको लागि आयोगले नेपाल सरकारका विभिन्न निकाय तथा गैरसरकारी क्षेत्रका प्रतिनिधिमूलक संस्थाहरूसँग समन्वय र सहकार्य बढाइरहेको र यस अवधिमा स्थानीय स्तरमा सञ्चालनमा आएका क्वारेन्टाइन, आइसोलेशन सेन्टर र एकद्वार सङ्कट व्यवस्थापन केन्द्र लगायतलाई लैङ्गिक मैत्री हिसाबले सञ्चालन गर्ने व्यवस्था मिलाउन आयोगबाट सम्बन्धित मन्त्रालय/निकायलाई लिखित अनुरोध गरिसकिएको कुरा उहाँले राख्नुभयो । उहाँले निषेधाज्ञाको अवधिमा लैङ्गिक हिंसाको प्रभावकारी अनुगमन, रोकथाम तथा नियन्त्रण र पीडितको लागि प्रभावकारी उद्धार तथा राहत लगायतको व्यवस्थाका लागि अन्तर निकाय समन्वय सुदृढ गर्ने उद्देश्यले आयोगका अध्यक्षको अध्यक्षतामा विभिन्न मन्त्रालय/निकायका प्रतिनिधिहरू सदस्य रहेको एक उच्चस्तरीय अनुगमन तथा समन्वय समिति गठन गरिएको र सो समितिले छिट्टै सक्रियताका साथ काम शुरु गर्ने जानकारी दिनु भयो ।

## ५.२३ कर्मचारीहरुको क्षमता विकास तालिम

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७ चैत्र १६ - २३ | बागमती | काठमाडौँ | १८ |



राष्ट्रिय महिला आयोगले चैत्र १६ गते देखि चैत्र २३ गतेसम्म आयोगमा कार्यरत कर्मचारीहरुका साथै साझेदार संस्थामा कार्यरत संस्थाका प्रतिनिधिहरुलाई रिजल्ट-बेस्ड रिपोर्ट लेखन तालिम सञ्चालन गऱ्यो । आठ दिने तालिममा प्रशिक्षक उत्तम उप्रेतीका साथै विभिन्न विषयहरुमा प्रशिक्षका लक्ष्मण आचार्य, शेषकान्त पंगेनीद्वारा प्रशिक्षण प्रदान गर्नुभएको थियो ।

तालिमका मुख्य विषयमा परियोजना व्यवस्थापन, प्रतिवेदन लेखन, सूचना व्यवस्थापन रहेका थिए । विश्व बैंकको सहयोगमा सञ्चालित तालिममा सम्बोधन परियोजना, साझेदार संस्था र आयोगका कर्मचारीहरु गरी १८ जना सहभागीहरु रहेका थिए ।

## ५.२४ क्षमता विकास र तनाव व्यवस्थापन तालिम

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७८ वैशाख १० - ११ | बागमती | मकवानपुर | ५३ |



२०७८ वैशाख १० र ११ गते मकवानपुरको टिस्टुङमा आयोगका कर्मचारीहरुका लागि क्षमता विकास र तनाव व्यवस्थापन तालिम सञ्चालन गरिएको थियो ।उक्त तालिममा प्रशिक्षक राजु अधिकारीले स्वस्थ शरीर र मनका लागि आवश्यक विभिन्न विषयहरुमा सैद्धान्तिक तथा प्रयोगात्मका सत्रहरु सञ्चालन गर्नुभएको थियो । उहाँले स्वस्थ र तनावरहित जीवनको लागि महत्वपूर्ण विषयहरुका साथै योगको पनि तालिम प्रदान गर्नु भएको थियो ।

# परिच्छेद ६
# उजुरी, निवेदन तथा जाँचबुझ

## ६.१ उजुरी सम्बन्धी व्यवस्था

राष्ट्रिय महिला आयोगमा महिला विरुद्धको हिंसा सम्बन्धी विषयमा उजुरी लिने व्यवस्था रहेको छ । महिला हिंसाका घटनाका बारेमा पीडित महिला आफैं वा पीडित महिलाको तर्फबाट जो सुकैले आयोग समक्ष उजुरी दिन सक्ने व्यवस्था छ। उजुरी गर्दा लिखित वा मौखिक र जुनसुकै फोनबाट 'खबर गरौँ ११४५ हेल्पलाइन'मा फोन गर्ने गरेर, 'खबर गरौँ' भन्ने एप डाउनलोड गरी एपमार्फत तथा www .nwc .gov .np वेवसाइटबाट घटनाको सम्बन्धमा उजुरी गर्न सक्ने व्यवस्था रहेको छ। २०७४ साल मंसिरबाट प्रारम्भ गरिएको खबर गरौ ११४५ हेल्पलाइनमा फोन गर्दा पैसा लाग्दैन । यो टोलफ्री सेवा २४ सै घण्टा हप्ताको सातै दिन उपलब्ध छ। यसरी आयोगमा दिईने उजुरी दर्ता गरे वापत कुनै पनि शुल्क लाग्दैन ।

आयोगमा उजुरी परेपछि उजुरीको बारेमा छानविन गर्दा प्रथम दृष्टिमा नै महिला हिंसा भएको देखिएमा त्यस्तो कार्य तत्काल रोक्नको लागि सम्बन्धित व्यक्ति, निकाय वा पदाधिकारीलाई आदेश दिने, उजुरी छानविनको सम्बन्धमा विपक्षीलाई उपस्थित गराई जानकारी लिने, पक्षहरूलाई लिखत वा कागज प्रमाण पेशगर्न आदेश दिने, आवश्यक भएमा स्थलगत निरीक्षण गर्ने, कुनै सरकारी वा सार्वजनिक निकायबाट सम्बन्धित विषयको नक्कल झिकाउने, छानविन गरी सकेपछि मुद्दा दायर गर्न सिफारिस गर्ने, मेलमिलाप गराउने आदि कार्य गरिन्छ। त्यसैगरी आयोगले प्रदान गर्ने सेवाहरुमा कानूनी परामर्श, कुनै पनि अदालतमा मुद्दा वा रिट निवेदन दर्ता गर्नु भएमा वा मुद्दा मामिलामा पीडितको तर्फबाट बहस पैरवी गर्नु परेको अवस्थामा निःशुल्क कानूनी सहायता, पीडितलाई मनोसामाजिक परामर्श, पीडितलाई तत्काल उद्धार गर्नुपर्ने देखिएमा उद्धार गरी आश्रय स्थलमा राख्ने लगायत आवश्यकता अनुसार अन्य विभिन्न सरकारी तथा गैर सरकारी निकायहरूसँग समन्वय गरी पीडितलाई अधिकार दिलाउनको लागि पहल गरिदिने गरिएको छ।

आयोगले प्रदानगर्ने सेवाहरूमध्ये कानूनी सहायता र तत्काल आश्रय स्थल प्रदानगर्नको लागि विभिन्न गैर सरकारी निकायहरू मार्फत सेवा प्रदान गर्ने गरिएको छ । प्रचलित कानून बमोजिम अन्य कुनै निकायबाट अनुसन्धान भइरहेको वा भइसकेको उजुरीको विषयमा आयोगले छानबिन वा कारवाही गर्ने गरेको छैन ।

आयोगमा पदाधिकारीहरुको पदवहाली पश्चात् गम्भीर प्रकृतिका उजुरीहरुमा वृद्धि भएको छ। पदाधिकारीहरुको नियुक्ति पश्चात् आयोगमा आउने पीडितहरुको संख्यामा समेत वृद्धि हुँदै गएको छ । आयोगले कोभिड १९ को दोस्रो लहरका कारण सृजित निषेधाज्ञाको अवधिमा समेत पीडितहरुलाई खबर गरौं ११४५ हेल्पलाइनसेवा मार्फत विभिन्न सेवाहरुमा सहजीकरण गर्दै आएको छ।

## ६.२ आयोगमा प्राप्त उजुरी, निवेदन तथा आयोगद्वारा प्रदान गरिएका सेवाहरू

### ६.२.१ आयोगमा आ.व. २०७७।७८ मा दर्ता भएका उजुरीहरू:

| महिना | घरेलु हिंसा | महिला विरुद्ध हिंसा |
|---|---|---|
| श्रावण | १५४ | २९ |
| भाद्र | ८८ | १८ |
| असोज | ११७ | १७ |
| कार्तिक | ४८ | ८ |
| मंसिर | १५६ | २८ |
| पौष | १३३ | २० |
| माघ | १३१ | १२ |
| फागुन | ११५ | ७ |
| चैत्र | १२३ | २५ |
| वैशाख | ७९ | २० |
| ज्येष्ठ | ७५ | १९ |
| जम्मा | १२१९ | २०३ |

### ६.२.१.१ आयोगद्वारा आ.व. २०७७।७८ मा प्रदान गरिएका सेवाहरु

| क्र.सं. | सेवाको प्रकार | संख्या |
|---|---|---|
| १. | कानूनी परामर्श | ११०७ |
| २. | कानूनी सहयोग | १८२ |
| ३. | छलफल | ७८ |
| ४. | मनोसामाजिक परामर्श | ६५८ |
| ५. | आश्रयस्थल | ६३ |
| ६. | पुनर्मिलन | २८ |
| ७. | उद्धार | १९ |
| ८. | औपचारिक शिक्षा | १९ |
| ९. | मानसिक स्वास्थ्य | २२ |

## ६.२.२ आयोगमा दर्ता भएको उजुरीहरु र प्रदान गरिएका सेवाहरु(२१ माघ – ३१ जेठ २०७८)

| प्रदेश | घरेलु हिंसा | महिला हिंसा | जम्मा |
|---|---|---|---|
| प्रदेश १ | १३ | ५ | १८ |
| प्रदेश २ | १६ | ७ | २३ |
| वागमती | ३४० | ५२ | ३९२ |
| गण्डकी | १५ | ० | १५ |
| लुम्विनी | १७ | ४ | २१ |
| कर्णाली | ४ | २ | ६ |
| सुदुर पश्चिम | १२ | २ | १४ |
| प्रदेश उल्लेख नभएको | ६ | ६ | १२ |
| जम्मा | ४२३ | ७८ | ५०१ |

| हिंसाको प्रकार | संख्या |
|---|---|
| जानकारीको लागि फोनकल | ९८१ |
| फलोअप कल | १८७० |

राष्ट्रिय महिला आयोग र साझेदार संस्थाहरुद्वारा प्रदान गरिएका सहयोग तथा सेवाहरू

| सेवाको प्रकार | संख्या |
|---|---|
| कानुनी परामर्श | ४१७ |
| कानुनी सहयोग | ४७ |
| छलफल | ३४ |
| मनोसमाजिक परामर्श | २१८ |
| आश्रयस्थल | २३ |
| पुर्नरमिलन | १२ |
| उद्धार | १० |
| औपचारिक शिक्षा | ८ |
| मानसिक स्वास्थ्य | १३ |

अधिकत रुपमा उजुरी भएका हिंसाका घटनाहरु

| हिंसाको प्रकार | संख्या |
|---|---|
| बलत्कारको प्रयास | ५ |
| ज्यानमार्ने उद्योग | ४ |
| चरित्र हत्या | ८३ |
| बाल विवाह | ३ |
| बाल सुक्षाको मुद्दा | २५ |
| साइबर क्राईम | ४ |
| सम्वन्ध बिच्छेद | २४ |
| दाइजो प्रथाले हुने हिंसा | ८ |
| जबरजस्ती गर्भपतन | ५ |
| हत्या | ३ |
| आर्थिक यातना | २११ |
| जग्गा विवाद | ४ |
| जन्मदर्ता बनाउन चाहिने आवश्यक कागजातसम्बन्धी समस्या | २३ |
| नागरिकता बनाउन चाहिने आवश्यक कागजातसम्बन्धी समस्या | १२ |
| विवाहदर्ता बनाउन चाहिने आवश्यक कागजातसम्बन्धी समस्या | ३८ |
| सम्पति हस्तान्तरण गर्दा चाहिने आवश्यक कागजातसम्बन्धी समस्या | २० |
| मानाचामल | ९ |
| बैवाहिक बलात्कार | २ |
| कुटपिट | २३५ |
| बहुविवाह | ९ |
| मानसिक यातना | ४१८ |
| बलात्कार | ३१ |
| सुरक्षा मुद्दा | ३६ |
| यौन दुर्व्यबहार | २३ |
| कार्य स्थलमा हुने यौन जन्य दुर्व्यबहार | १ |

### ६.२.३ कोभिड-१९ को दोस्रो चरणको संक्रमण नियन्त्रणका सन्दर्भमा जारी भएको निषेधाज्ञाको अवधिमा आयोगमा दर्ता भएको उजुरीहरु र प्रदान गरिएका सेवाहरु (१६ वैशाखदेखि जेठ मसान्तसम्म २०७८)

बन्दाबन्दीको समयमा आयोगमा दर्ता भएको उजुरीहरु

| प्रदेश | घरेलु हिंसा | महिला हिंसा |
|---|---|---|
| प्रदेश १ | ५ | १ |
| प्रदेश २ | ८ | ७ |
| वागमती | ६२ | १६ |
| गण्डकी | ८ | ० |
| लुम्बिनी | ११ | ३ |
| कर्णाली | २ | १ |
| सुदुर पश्चिम | ५ | १ |
| प्रदेश उल्लेख नभएको | ० | १ |
| जम्मा | १०१ | ३० |

बन्दाबन्दीको समयमा राष्ट्रिय महिला आयोग र साझेदार संस्थाहरुद्वारा प्रदान गरिएका सहयोग तथा सेवाहरू

| प्रदान गरिएका सहयोग तथा सेवाहरु | संख्या |
|---|---|
| मनोसामाजिक मनोविमर्श | ५० |
| कानूनी परामर्श | १०४ |
| Legal Case Work | १३ |

५८ वर्षीय अपाङ्गता भएकी वृद्ध महिलालाई न्याय दिलाउन पहल

काभ्रेको सुषमा कोइराला मेमोरियल अस्पतालमा उपचाररत ५८ वर्षीय अपाङ्गता भएकी वृद्ध महिलामाथि २०७७चैत्र २३ गते ४० वर्षीय पुरुषले बलात्कारको प्रयास गरेको घटनामा नेपाल अपाङ्ग महिला संघको समन्वयमा आयोगले निजलाई न्याय दिलाउन आवश्यक पहल गर्‍यो। आयोगका मुद्दा व्यवस्थापकले धुलिखेलको सरकारी वकीलसँग मुद्दाको बारेमा आवश्यक जानकारी लिनुभएको थियो । आयोगका मनोसामाजिक विमर्शकर्ताले पीडित र पीडितका परिवारलाई परामर्श प्रदान गर्नु भएको थियो। महिला, बालबालिका तथा ज्येष्ठ मन्त्रालयले लैङ्गिक हिंसा निवारण कोषबाट पीडितलाई ३ लाख रुपैया प्रदान गर्ने निर्णय गरिसकेको छ। आयोगका प्रमुख महिला विकास अधिकृत मीरा शेरचनले मन्त्रालयसँग समन्वय गर्ने कार्य गर्नु भएको थियो ।

# परिच्छेद - ७
# आयोगको भावी कार्यदिशा

राष्ट्रिय महिला आयोगका माननीय पदाधिकारीहरुले यस अवधिमा विभिन्न संघ संस्थाहरुबाट सञ्चालन भएका महिला विकास र सशक्तीकरण कार्यक्रमहरुमा उपस्थित भई महिलासँग सम्बन्धित विभिन्न विषयहरुमा जानकारी लिने तथा आयोगबाट पहल हुनुपर्ने विषयमा सम्बन्धित सरोकारवालाहरुसँग छलफल गर्नुभएको छ। यसको साथै माननीय पदाधिकारीहरुले विभिन्न सञ्चार माध्यममा आयोगका उपलब्धि,सामना गर्नु परिरहेका चुनौतीहरुको साथै भावी कार्ययोजनाको बारेमा समेत विचार प्रस्तुत गर्नुभएको छ।

आयोगको भावी कार्यदिशा निम्नानुसार रहेको छ :

- आयोगको तेस्रो पाँच वर्षे रणनीतिक योजना तयार गरी महिला अधिकारको संरक्षण, संवर्द्धन, परिपालना, संस्कृति विकासको निमित्त तथा महिला सश्क्तीकरणको लागि थप प्रभावकारी कदमहरु चाल्ने कार्यक्रम रहेको छ।
- हिंसा पीडित महिलाहरूको अवस्थाबारे अध्ययन अनुसन्धान गरी आवश्यक कानूनी सुधार एवं नीतिगत हस्तक्षेप (Policy Intervention) लाई प्रभावकारी बनाउने रणनीति रहेको छ।
- आयोगका कर्मचारीहरुलाई समय-सापेक्ष जिम्मेवारी वहन गर्न सक्ने गरी जनशक्तिको क्षमता विकास गर्ने कार्यक्रम रहेको छ।
- हिंसा पिडितहरुलाई कानूनी उपचार प्रदान गर्ने गराउने कार्यलाई प्रभावकारी बनाउन जोड दिनेगरी आवश्यक सुधार कार्य अघि बढाइएको छ।
- महिला हिंसाविरूद्ध जनचेतना फैलाउने कार्यलाई प्रदेश तथा स्थानीय तहसम्म व्यापकता दिई विशेष कार्यक्रमहरू सञ्चालन गर्ने योजना रहेको छ।
- खबर गरौं ११४५ हेल्पलाइन सेवालाई नेपाल सरकारको बजेट तथा जनशक्तिबाट सञ्चालन गरी हेल्पलाइनलाई देशैभर विस्तार गर्ने प्रक्रियालाई अगाडि बढाउने योजना छ।
- सेवा प्रवाहमा प्रभावकारिता वृद्धि गर्न प्रदेशस्तरमा सेवा प्रदायक संस्थाहरूको सञ्जाल विस्तार गर्दै महिलाको सशक्तीकरणका लागि थप प्रयास अगाडि बढाइनेछ ।
- महिला हिंसाको प्रमुख कारणमध्ये आर्थिक परनिर्भरता यौटा प्रमुख कारण रहेकोले आर्थिक सशक्तीकरणका कार्यक्रमहरू सम्बन्धित निकायहरूसँग समन्वय गरी सीप तथा क्षमता अभिवृद्धि गर्दै आर्थिक स्रोत साधनमा महिलाको पहुँच बढाउने कार्यनीति रहेको छ।
- आयोगले सम्बद्ध सरकारी एव गैरसरकारी संस्थासँगको सहकार्य र समन्वयमा विभेद र वञ्चितिमा परेका महिलाको संरक्षण र विकासको लागि विभिन्न कार्यक्रम अघि बढाउने कार्ययोजना रहेको छ।
- आयोगको आफ्नै सुविधा सम्पन्न भवन र संरचना निर्माणका लागि पहल गरिनेछ।

- सरकारी, गैर सरकारी र विकास साझेदारलगायत सरोकारवाला निकायहरूबीच समन्वय र सहकार्यमा बृद्धि गरी लैङ्गिक न्याय, लैङ्गिक समानता र महिला सशक्तीकरणको कार्यलाई थप प्रभावकारी बनाइनेछ।
- आवश्यक सेवा प्रदायक संस्थाहरू लगायत नेपाल प्रहरी, एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) र अन्य सरकारी तथा गैर सरकारी संस्थाबीच समन्वय र साझेदारीमा वृद्धि गरिनेछ।
- हिंसा पीडित महिला तथा बालिकाहरुलाई प्रदान गरिने मनोसामाजिक परामर्श सेवालाई थप प्रभावकारी बनाउँदै फोन तथा अनलाइन माध्यमद्वारा सम्भव भएसम्म ग्रामीणस्तरसम्म पुऱ्याउन प्रयास गरिनेछ।
- महिला हिंसा तथा घरेलु हिंसाका घटनाहरूको अनुसन्धानलाई थप चुस्त, निष्पक्ष र गुणस्तरीय बनाउँदै हिंसामुक्त समाज स्थापना गर्न सहयोग पुऱ्याइनेछ।

# अनुसूची १
# राष्ट्रिय महिला आयोगबाट जारी भएका प्रेस विज्ञप्ति

राष्ट्रिय महिला आयोग
National Women Commission
भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np

प.सं. ०७७/०७८
च.नं. ४८३

मिति: २०७७/१०/२५

प्रेस विज्ञप्ति

बलात्कार पछि हत्या भएको भनिएको बैतडीको दोगडाकेदारको घटनाका दोषीलाई कानूनको दायरामा ल्याइ निष्पक्ष र प्रभावकारी अनुसन्धान गर्न आग्रह

बैतडी जिल्लाको दोगडाकेदार गाउँपालिका वडा नं ७ स्थित श्री सनातन धर्म मा.वि. खोचलेकमा कक्षा १२ मा अध्ययनरत १७ वर्षीया किशोरी भगिरथी भट्ट मिति २०७७ माघ २१ गते दिउँसोबाट हराएर भोलिपल्ट दिउँसो करिब ४:३० बजे लवलेक सामुदायिक वनमा शंकास्पद विभत्स अवस्थामा मृत भेटिएको भनिएको घटना प्रति यस आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । घटनाको अनुगमन तथा अनुसन्धानका लागि आयोगले राष्ट्रिय मानव अधिकार आयोगसँग समेत छलफल गरेको छ । हिंसाजन्य यस्ता गम्भीर घटनाले व्यक्तिको जिउ ज्यानको सुरक्षा र मानव अधिकारको गम्भीर उल्लंघन भएको कुरा महसुस गरिएको छ । उक्त घटनाको अनुगमन तथा अनुसन्धानका लागि तत्काल आयोगले यस आयोगका माननीय सदस्यको नेतृत्वमा टोली गठन गरेको छ । आयोगको उक्त टोलीलाई आवश्यक सहयोग पुर्याइदिनु हुन आयोग सम्बन्धित सबै पक्ष तथा सरोकारवालाहरुलाई आग्रह गर्दछ । आगामी दिनमा यस प्रकारका घटना दोहोरिन नदिनेतर्फ सचेत रहँदै निष्पक्ष र प्रभावकारी अनुसन्धान मार्फत घटनाको सत्यतथ्य उजागर गरी दोषीलाई कानुन बमोजिम कारवाहीको दायरामा ल्याउन र पीडित परिवारको सुरक्षा तथा न्यायमा पहुँच पुर्याउन आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

शान्ता अधिकारी भट्टराई
सचिव

(प्रेस विज्ञप्तिः बलात्कार पछि हत्या भएको भनिएको बैतडीको दोगडाकेदारको घटनाका दोषीलाई कानूनको दायरामा ल्याइ निष्पक्ष र प्रभावकारी अनुसन्धान गर्न आग्रह, २०७७ माघ २५ गते)

राष्ट्रिय महिला आयोग
National Women Commission
भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np

प.सं.
च.नं.

प्रेस विज्ञप्ति

मिति: २०७७/१०/३०

सत्य तथ्य छानबीन गरी दोषीलाई कारवाहीको दायरामा ल्याउन आयोगको अपिल

बैतडी जिल्लाको दोगडाकेदार गाउँपालिका वडा नं ७ स्थित श्री सनातन धर्म मा.वि. खोचलेकमा कक्षा १२ मा अध्ययनरत १७ वर्षीया किशोरी भगिरथी भट्ट मिति २०७७ माघ २१ गते दिउँसोबाट हराएर भोलिपल्ट दिउँसो करिब ४:३० बजे लवलेक सामुदायिक वनमा शंकास्पद विभत्स अवस्थामा मृत भेटिएको घटनाको बारेमा अध्ययन अनुगमनका लागि आयोगको मिति २०७७।१०।२५को निर्णयानुसार आयोगका माननीय सदस्य श्री कृष्ण कुमारी खतिवडाको नेतृत्वमा कर्मचारी उर्मिला रोका सहितको टोलीले स्थलगत अनुगमन गरेको छ । अनुगमनको क्रममा टोलीले प्रदेश सभा सदस्य, बैतडी जिल्लाका प्रमुख जिल्ला अधिकारी, घटनाको अनुसन्धान अधिकृत सुदुरपश्चिम प्रहरीका DIG प्रहरी प्रमुख, सुदुरपश्चिम प्रदेशका सुरक्षा निकायका प्रमुख, विद्यालय व्यवस्थापन समिति, सुरक्षाकर्मी तथा मानवअधिकारकर्मी, पीडितका परिवार र समुदायका व्यक्ति, सनातन धर्म मा.वि.का प्रधानाध्यापक र शिक्षक-कर्मचारीहरु, जिल्ला सरकारी वकिल, जिल्ला अस्पतालका डाक्टर लगायतसँग सोधपुछ र स्थलगत अवलोकन गरेको छ । मिति २०७७।१०।२९ गते सम्मको घटना विवरण र पोष्टमार्टम रिपोर्टलाई अध्ययन गर्दा पीडकको पहिचान हुन सकिरहेको छैन।

बिहान आफ्नो घरबाट विद्यालय गएकी बालिकामाथि बलात्कार गरी हत्या गरेको कुरा पुष्टि भएको छ। यो घटना अत्यन्त निन्दनीय, दुखद् र भर्त्सनायोग्य रहेको साथै महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी अन्तराष्ट्रिय महासन्धी १९७९, बालअधिकार सम्बन्धी महासन्धि १९८९, मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८, नागरीक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धि १९६६, नेपालको संविधान र प्रचलित कानुनले प्रत्येक व्यक्तीको सम्मानपूर्वक बाँच्न पाउने तथा न्याय प्राप्त गर्ने अधिकार प्रत्याभूत गरेकोमा सो को समेत हनन् भएको छ ।

समग्र घटनाको अवस्था हेर्दा राज्यको तर्फबाट तत्काल अध्ययन अनुसन्धान शुरु भएको छ। DIG को नेतृत्वमा CIB को टोली स्थलगत रुपमा प्रतिवद्ध भएर कारवाहीको प्रक्रियामा लागी रहेको कुरा सराहनिय छ। बैतडीस्थित प्र.जि.अ. मोहनराज जोशीको अत्यन्तै प्रभावकारी भूमिकाको कारण छिट्टै पीडकलाई कानुनी दायरामा ल्याउने विश्वास आयोगले गरेको छ। पीडितको बुवा भर्खरै बितेका, दाजु वैदेशिक रोजगारीका लागि भारतमा गएका र आमा एक्लै घरमा भएको अवस्थामा यस्तो घटना भएको र हालसम्म पनि पिडितको परिवार र खासगरी आमाको अवस्था भावनात्मक रुपमा विक्षिप्त (Traumatic) भएको देखिन्छ। पिडित परिवारको सुरक्षा, संरक्षण र क्षतिपूर्तिको लागि आयोग सरकारसँग अपिल गर्दछ ।

समाजमा बढ्दै गईरहेको सामाजिक विकृति र विसंगति सँगै आर्थिक र पारिवारिक अवस्था कमजोर भएका परिवारका बालिका, किशोरी र महिलाहरु झनझनै जोखिममा रहने गरेको अवस्था छ। पीडकले त्यस्तै कमजोर परिवार पहिल्याई अपराधिक कार्य गर्ने गरेको देखिएको हुँदा यसतर्फ पनि सरकारको गम्भीर ध्यानाकर्षण होस् भन्ने आयोगको जोडदार माग रहेको छ।

शान्ता अधिकारी भट्टराई
सचिव

राष्ट्रिय महिला आयोग
National Women Commission
भद्रकाली प्लाजा, काठमाडौं

प. सं.:- ०७७/०७८
च.नं.:- ५६१

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np

प्रेस विज्ञप्ति

मिति: २०७७/११/१६

१७ फागुन, २०७७

आयोगको ध्यानाकर्षण

२०७७ फागुन १५ गतेका दिन राष्ट्रिय सभाका माननीय सदस्य श्री कोमल वलीप्रति इंगित गरी दिइएको आपत्तिजनक अभिव्यक्तिप्रति राष्ट्रिय महिला आयोगको गम्भिर ध्यानाकर्षण भएको छ । महिलाको स्वतन्त्र पहिचान, आत्म सम्मान र क्षमतालाई महत्व नदिई पुरुषसँगको निकटताबाट नै महिलाको राजनैतिक भविष्य बन्ने गरेको जस्ता अभिव्यक्ति प्रकट गरि महिलाको चरित्र र आचरणमाथि प्रश्न उठाउने प्रवृत्ति सर्वथा गलत हो भन्ने राष्ट्रिय महिला आयोगको ठहर छ । देशको आधा भन्दा बढी जनसंख्या ओगट्ने महिला वर्गको राजनैतिक सहभागिता न्यून रहेको वर्तमान अवस्थामा महिलाको अवस्थाको कम आकलन हुनु, उनीहरुको सबलता र सक्षमतालाई स्वतन्त्र मूल्यांकन नगर्ने परिपाटी मौलाउनु आफैमा ठूलो विडम्बना हो । महिलाप्रतिको विभेद हिंसा र हीन भावना हटाई लैङ्गिक विभेदरहित समाजको सिर्जना गर्न राज्यका सबै निकायमा महिला वर्गको अर्थपूर्ण सहभागिताको ज्यादै ठूलो महत्व रहन्छ । राजनैतिक हिसाबले ज्यादै नै जिम्मेवार स्थानमा रहेका व्यक्तिबाट सार्वजनिक रुपमा नै राष्ट्रिय सभाका सांसद जस्तो गरिमामय पदमा रहेको महिलाप्रति गरिएको त्यस्तो आपत्तिजनक अभिव्यक्तिको भर्त्सना गर्दै आगामी दिनमा यस प्रकारको गैह्र जिम्मेवार अभिव्यक्ति कहीं कतैबाट कसैलाई पनि नहोस् भनी राष्ट्रिय महिला आयोग सबै वर्गमा अपिल गर्दै त्यस्तो गैह्र जिम्मेवार र आपत्तिजनक अभिव्यक्ति दिने व्यक्तिलाई जिम्मेवार बनाउन समेत आवश्यक भएको हुँदा सम्बन्धित सबै निकायलाई समेत राष्ट्रिय महिला आयोग ध्यानाकर्षण गराउन चाहन्छ ।

२०७७।११।१६
श्याम प्रसाद श्रेष्ठ
(प्रवक्ता)
उप सचिव

# अनुसूची २
# कार्यक्रमका झलकहरु






























स्थानीय तहमा न्यायिक समिति तथा महिला
पदाधिकारीहरु बीच लैङ्गिक हिंसा निवारणका
असल अभ्यासहरु बारे अन्तरक्रिया कार्यक्रम










आयोगका क्रियाकलापका सम्बन्धमा त्रैमासिक
पत्रकारहरूसँग अन्तरक्रिया कार्यक्रम











# अनुसूची ३
# सञ्चार माध्यममा आयोग



महिला हिंसाका घटना दैनिक बढ्दै



कान्तिपुर

भट्ट हत्याका दोषीलाई कारबाही गर्न महिला आयोगको माग



भट्ट हत्याका दोषीलाई कारबाही गर्न महिला आयोगको माग



हिंसा अन्त्य गर्न आह्वान



nepalpress

Attention of Women Commission drawn to statement made towards National Assembly member Oli



'महिला आयोगमा जाँदा न्याय पाइन्छ'

नारी खबर

## महिला हिंसा अन्त्य गर्न कानून परिमार्जन जरुरी : मन्त्री महतो



## महिला हिंसा न्यूनीकरणमा समस्या

## महिला आयोगले लियो सरोकारवालासँग सुझाव

## हिंसा अन्त्य गर्न सहकार्य



# राष्ट्रिय महिला आयोग

भद्रकालीप्लाजा, काठमाडौं

फोन नं.: ४२५६७०१, ४२५९४११, फ्याक्सः ४२५०४११

Email: info@nwc.gov.np, Website: www.nwc.gov.np